# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १५५ | काठमाडौं | बिहीबार, ०९ असोज २०८२ | Prabhab National Daily | Thursday, 25 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# खर्च कटौतीमा कार्की सरकारको 'निर्मम' कदम

## राजनीतिक पदाधिकारीका स्वकीय सचिव खारेज, राज्यको ३० करोड जोगिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले सांसदलगायत राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ । कार्की नेतृत्वको मन्त्रिपरिषद्को असोज ५ गतेको बैठकले उक्त निर्णय गरेको अर्थमन्त्री रामेश्वर खनालले जानकारी दिए ।

खर्च कटौतीका लागि संघीय मन्त्रिपरिषद्ले संघीय सांसद, प्रदेशसभा सांसद र अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिव खारेज गरेको खनालले बताए । 'मितव्ययिताको निमित्त संघीय मन्त्रिपरिषद्ले गरेको निर्णय सबै निकायलाई लागू हुन्छ,' मन्त्री खनालले भने ।

'राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने,' अर्थ मन्त्रालयले बुधबार जारी गरेको निर्देशनमा उल्लेख गरिएको छ । सरकारले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ ।

त्यसैगरी संघ र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जनामात्र नियुक्त गर्न सकिने अर्थको निर्देशनमा उल्लेख छ ।



- राष्ट्रिय सभा अध्यक्ष, प्रदेश मन्त्रीहरु घटाउँदा तत्काल ५३२ जनाको स्वकीय सचिवको सुविधा खारेज हुने
- ५९ सदस्यीय राष्ट्रिय सभामा अध्यक्षबाहेकका ५८ जना सदस्यका स्वकीय सचिव हट्दामात्रै तीन करोड २४ लाख २२ हजार रूपैयाँ वार्षिक खर्च जोगिने
- सातवटै प्रदेशका प्रदेशसभा सदस्यहरूको स्वकीय सचिव कटौती हुँदा २१ करोड ४८ लाख ६० हजार रूपैयाँ खर्च जोगिने
- प्रतिनिधिसभाको निर्वाचनपछि पनि कार्यान्वयनमा गए छ करोड ४४ लाख ९१ हजार रूपैयाँ राज्यकोषको खर्च जोगिने

सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सञ्चालन, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनःरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले यो निर्णय गरेको बताइएको छ ।

उक्त निर्णय कार्यान्वयन गर्न/गराउनका लागि सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार...

क्रमशः पृष्ठ २ मा

# प्रशासनिक नेतृत्वविरुद्ध विद्रोहमा 'जेन-जी' कर्मचारी

- वर्तमान प्रशासनिक नेतृत्व तत्काल हटाउन दबाब
- प्रशासनिक नेतृत्व परिवर्तन नगरेसम्म भ्रष्टाचार नियन्त्रण र सुशासन असम्भव हुने दाबी
- भ्रष्टाचार मौलाउनु र सुशासन कायम नगर्नुमा राजनीतिक नेतृत्वजत्तिकै दोषी प्रशासनिक नेतृत्व पनि
- प्रशासन सुधारमा बाधक कर्मचारी ट्रेड युनियन खारेजीको माग



**बुधबार प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाउन पुगेका सार्वजनिक प्रशासन रूपान्तरण अभियानमा आबद्ध कर्मचारीहरू ।**
*तस्बिरः सामाजिक सञ्जालबाट*

■ **जेबी योञ्जन**

**काठमाडौं–** सार्वजनिक प्रशासन रूपान्तरण गर्न जेन-जी कर्मचारीहरू अग्रसर भएका छन् । देशको राजनीति जेन-जी आन्दोलनले उलटफेर गरेको दुई साता हुँदा सोही समूहका कर्मचारीहरू प्रशासनिक नेतृत्वविरुद्ध विद्रोहमा उत्रिएका हुन् ।

उनीहरूले प्रशासनिक नेतृत्वका रूपमा रहेका मुख्यसचिव एकनारायण अर्यालसहित उच्च पदस्थ कर्मचारीहरूलाई हटाउन माग गरेका छन् । देशमा भ्रष्टाचारको अन्त्य नहुनु र सुशासन कायम नहुनुमा राजनीतिक नेतृत्वमात्रै नभएर प्रशासनिक नेतृत्व पनि उत्तिकै जिम्मेवार रहेको उक्त समूहको दाबी छ ।

दुई दिने जेन-जी आन्दोलन हुँदा राजनीतिक नेतृत्व तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको बहिर्गमन भएको र अब प्रशासनिक नेतृत्व अर्यालले पनि मार्गप्रशस्त गर्नुपर्ने माग गरेका हुन् । बुधबार प्रधानमन्त्री सुशीला कार्कीलाई जेन-जी कर्मचारीहरू आबद्ध सार्वजनिक प्रशासन रूपान्तरण अभियानका संयोजक गणेश घिमिरेसहितको टोलीले प्रशासनिक नेतृत्वको बहिर्गमन अनिवार्य भएको भन्दै ज्ञापनपत्र बुझाए । अर्यालबाट प्रशासनिक रूपान्तरण सम्भव नहुने उनीहरूको ठहर छ । मतियारको रूपमा काम गरेका पदाधिकारी र कर्मचारीहरूलाई हटाउनुपर्ने माग जेन-जी कर्मचारीहरूको छ ।

ज्ञापनपत्रमा भनिएको छ, 'राजनीतिक तथा उच्च प्रशासनिक नेतृत्वको अक्षमता, निहीत स्वार्थ, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण हालको परिस्थिति उत्पन्न भएको पुष्टि भई तत्कालीन राजनीतिक नेतृत्वको बहिर्गमन भइसकेको सन्दर्भमा सोही राजनीतिक नेतृत्वसँग रही काम गरेका हालको प्रशासनिक नेतृत्वबाट रूपान्तरण सम्भव नहुने ठहर गर्दै उच्च प्रशासकीय नेतृत्वकर्तासहित मतियारको रूपमा काम गर्ने जिम्मेवार पदाधिकारी एवं कर्मचारीहरूबाट तत्काल मार्गप्रशस्त गर्न अनुरोध गर्दै तत् पदाधिकारीहरूको बहिर्गमनको जोडदार माग गर्दछौं ।'

जेन-जी कर्मचारीहरूका अनुसार देशलाई समृद्ध र विकसित बनाउनुको सट्टा भ्रष्टाचारले थिलथिलो बनाउनु र सुशासन कायम नगर्नुमा जति दोष राजनीतिक नेतृत्वको छ, त्यत्ति नै प्रशासनिक नेतृत्वको छ । उनीहरू सार्वजनिक प्रशासन रूपान्तरणविना यस क्षेत्रको सुधार असम्भव हुने पनि बताउँछन् ।

> कर्मचारीतन्त्रमा दलीयकरण छ । भागबण्डा हुन्छ । सेटिङको आधारमा काम हुन्छ । यसले त समग्र देशलाई रूपान्तरणमा लाँदैन भन्ने कुरा हो ।
>
> ■ **गणेश घिमिरे**
> संयोजक, सार्वजनिक प्रशासन रूपान्तरण अभियान

> जेन-जी कर्मचारीले राखेका कुरालाई सरकारले गम्भीरताका साथ लिनुपर्छ । त्यसको औचित्य र आवश्यकताको आधारमा सम्बोधन गर्नुपर्छ ।
>
> ■ **काशीराज दाहाल**
> पूर्वअध्यक्ष, प्रशासकीय अदालत

'कर्मचारीतन्त्रमा दलीयकरण छ । भागबण्डा हुन्छ । सेटिङको आधारमा काम हुन्छ,' संयोजक घिमिरेले प्रभावसँग भने, 'यसले त समग्र देशलाई रूपान्तरणमा लाँदैन भन्ने कुरा हो ।'

प्रशासनिक नेतृत्वका रूपमा मुख्यसचिव अर्यालले गैरजिम्मेवारीपना देखाएको र उनको व्यवहार लज्जाजनक भएको जेन-जी कर्मचारी छायालाल मोक्तान बताउँछन् । कुलिङ पिरियड गडबडीमा अर्यालको संलग्नता पुष्टि भएकोबारे संकेत गर्दै उनले भने, 'अस्ति उहाँले कस्तो गैरजिम्मेवारीपन देखाउनुभयो ? त्यो देखिएकै हो । जेन-जी आन्दोलनमा त्यत्रो सार्वजनिक सम्पत्तिमा क्षति पुग्यो, नेतृत्वको हिसाबले जिम्मेवारी लिएर एउटा विज्ञप्ति निकाल्नुभएन ।'

प्रशासकीय अदालतका पूर्वअध्यक्ष एवं तत्कालीन प्रशासन सुधार सुझाव समितिका संयोजक काशीराज दाहाल जेन-जी कर्मचारीहरूका मागलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताउँछन् । वस्तुगत आधार हेरेर सरकारले सम्बोधन गर्नुपर्ने उनको भनाइ छ ।

'कुन मन्त्रालयमा कुन सचिव राख्ने, मुख्यसचिव कसलाई बनाउने ? भन्ने कुरा सरकारको अधिकारको कुरा हो,' उनले भने, 'जेन-जी कर्मचारीले राखेको कुरालाई सरकारले गम्भीरताका साथ लिएर त्यसको औचित्य र आवश्यकताको आधारमा सम्बोधन गर्नुपर्छ ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगार व्यवसायी भन्छन्

# युएईबाहेक अन्य मुलुकमा भिसा रोकिएको छैन

- साउदी, कतार, मलेसियालगायत मुलुकले भिसामा कडाइ गरेको भन्ने हल्लामात्र
- युएईले भिसा रोके पनि औपचारिक जानकारी दिएको छैन
- श्रमिक रोक्ने हल्लाबारे परराष्ट्र मन्त्रालयको चासो, सम्बन्धित मुलुकसँग बुझ्ने तयारी

■ **ममता थापा**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालीका लागि भिसा बन्द गरेसँगै अन्य मुलुकले पनि नेपालबाट श्रमिक लैजाने प्रक्रिया रोक्न थालेको भन्ने हल्लामा सत्यता नरहेको व्यवसायीहरूले बताएका छन् । युएईको काम रोकिए पनि अन्य मुलुकबाट भिसा आउने क्रम जारी रहेको उनीहरूले बताए ।



गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि (युएई)ले नेपालका लागि भिजिट र वर्किङ दुवै प्रकारका भिसा बन्द गरेको थियो । सेप्टेम्बर १५ बाट युएईले नेपालीहरूको प्रवेशमा कडाइ गर्दै भिसा रोकेको हो । व्यवसायीहरूका अनुसार ७५ प्रतिशत प्रक्रिया सकिएकाहरूको मात्र भिसा आएको अवस्था छ ।

युएईले भिसा बन्दगरेसँगै साउदी अरेबिया, कतार, मलेसियालगायतका मुलुकले पनि कडाइ गरेको र श्रमिक लग्ने प्रक्रिया नै रोकिन सक्ने हल्ला फैलिएको थियो । यस्तो हल्ला निराधार भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्षभुवनसिंह गुरुङले बताए । कुनै पनि मुलुकबाट श्रमिक नलग्ने भन्ने आधिकारिक जानकारी नआएको बताउँदै उनले भ्रमको पछि नलाग्न आग्रह गरे ।

'युएईले आफ्नो आन्तरिक सुरक्षाका लागि भिसा रोकेको बुझिएको छ, तर अहिलेसम्म युएई सरकारले नेपाल सरकारलाई आधिकारिक जानकारी गराएको छैन,' अध्यक्ष गुरुङले भने, 'दूतावासबाट मन्त्रालय, मन्त्रालयबाट विभाग र विभागबाट हाम्रो संघमा जानकारी आउने हो । अहिलेसम्म त्यस्तो जानकारी आएको छैन तर युएईले भिसा दिएको स्थिति छैन । अरु मुलुकको हकमा कुनै समस्या छैन ।'

साउदीमा पनि कुनै समस्या नरहेको बुझिएको छ । केही दिनयता विभिन्न कारणले साउदीको दूतावास बन्द रहेको थियो । केही महिनायता विगतको तुलनामा साउदीले नेपाली श्रमिकलाई दिँदै आएको भिसाको संख्या पनि न्यून थियो । साउदीको भिसादर आधाले कम भएको व्यवसायीहरूले बताउँदै आएका थिए । तर जेन-जी आन्दोलनपछि उक्त विषयलाई साउदीले पनि युएईकै बाटो अपनाउन खोजेको भनेर हेर्न थालिएको थियो । साउदीको नेसनल डे, नेपालीहरूको घटस्थापनालगायतका सार्वजनिक बिदापछि बुधबार खुलेको दूतावासले ८०० को हाराहारीमा भिसा जारी गरिएको संघका तृतीय उपाध्यक्ष तथा साउदी संयोजक वैकुण्ठ पौडेलले जानकारी दिए ।

'१२ सय हाराहारी भिसा 'पेण्डिङ'मा रहेछ । आज सातदेखि ८०० भिसा दिएछ । साउदीले बन्द गर्ने कुनै कुरा भएको छैन,' पौडेलले भने ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमशः**

## प्रशासनिक...

निजामती सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल राष्ट्रिय अनुसन्धान विभाग, शैक्षिक क्षेत्र, सार्वजनिक संस्थानलगायत सार्वजनिक क्षेत्रमा चरम राजनीतिक हस्तक्षेप हुने गरेको भन्दै जेन-जी कर्मचारीहरूले चिन्ता प्रकट गरेका छन् । यस्तो प्रवृत्तिको पूर्णरूपमा अन्त्य गर्नुपर्नेमा उनीहरूको जोड छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन पनि प्रधानमन्त्री कार्कीसमक्ष पेस गरिएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

भ्रष्ट कर्मचारीलाई छानबिनको दायरामा ल्याएर कारबाही गर्न पनि सुझाएका छन् । 'सीमित भ्रष्ट मनोवृत्तिका कर्मचारीहरूबाट भएको कूकर्म र अकर्मण्यताको भार कठिन प्रतिस्पर्धाबाट सरकारी सेवामा प्रवेश गरेका तमाम राष्ट्रसेवक कर्मचारीहरूले बोक्न परिरहेको सन्दर्भमा सार्वजनिक प्रशासनमा रहेका त्यस्ता भ्रष्ट कर्मचारीमाथि छानबिन गरी तत्काल कारबाही गर्न माग गर्दछौं,' जेन-जी कर्मचारीहरूले सरकारमाथि दबाब बढाएका छन् ।

दलीय ट्रेड युनियनहरूको खारेजी गर्न पनि उनीहरूले प्रधानमन्त्री कार्कीलाई सुझाव दिएका छन् । हाल दलैपिच्छे ट्रेड युनियन छन् । ती ट्रेड युनियनहरूले कर्मचारीहरूको सरुवा र बढुवामा 'बार्गेनिङ' गर्ने र चरम राजनीतिलाई प्रश्रय दिएको बताइएको छ ।

यससँगै निजामती सेवा ऐनलगायतका सार्वजनिक सेवालाई व्यवस्थित पार्न आवश्यक कानुनहरू तत्काल जारी गर्न माग गरेका छन् । २५ वर्ष सेवा अवधि हुनुपर्ने प्रस्ताव अघि सारेका छन् । ५३ वर्ष उमेर पूरा भएका कर्मचारीलाई स्वेच्छिक अवकाशमा पठाउनुपर्ने माग गरिएको छ । कर्मचारीहरूको वस्तुनिष्ठ कार्यसम्पादन मूल्यांकन प्रणाली, अनुमानयोग्य बढुवा प्रणाली, चक्रीय सरुवा प्रणाली र समायोजन संशोधनको अवसर हुनुपर्ने जनाएका छन् । स्थानीय सेवा तथा प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको वृत्ति विकासको सुनिश्चिततामा जोड दिएका छन् । यत्ति गरे सार्वजनिक प्रशासन रूपान्तरण हुने जेन-जी कर्मचारीहरूको दाबी छ ।

■■■

## खर्च...

तथा सबै स्थानीय तहलाई पत्राचार गरिएको अर्थ मन्त्रायका सहसचिव एवं प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए । तत्काल प्रतिनिधिसभा नभएकाले प्रदेशसभामा ५५० जना र राष्ट्रिय सभामा ५९ गरी ६०९ राजनीतिक पदाधिकारी रहेका छन् । यो निर्णय कार्यान्वयन भएमा तत्कालै राष्ट्रिय सभा अध्यक्ष, प्रदेश मन्त्रीहरू घटाउँदा तत्काल ५३२ जनाको स्वकीय सचिवको सुविधा खारेज हुने देखिन्छ ।

राष्ट्रिय सभाका एक स्वकीय सचिवमा वार्षिक करिब पाँच लाख ५९ हजार रूपैयाँ खर्च हुने देखिन्छ । मासिक तलब, दसैं खर्चसहित अन्य सुविधा जोड्दा स्वकीय सचिवहरूले मासिक ४३ हजार रूपैयाँभन्दा बढी पाउने गरेका छन् । सो आधारमा ५९ सदस्यीय राष्ट्रिय सभामा अध्यक्षबाहेकका ५८ जना सदस्यका स्वकीय सचिव हट्दामात्रै तीन करोड २४ लाख २२ हजार रूपैयाँ वार्षिक खर्च कटौती हुने छ ।

एक प्रदेशसभा सदस्यका स्वकीय सचिवमा वार्षिक औसत चार लाख ५१ हजार ३८६ रूपैयाँ खर्च हुँदै आएको छ । हाल सातवटै प्रदेशमा कूल ७४ जना मन्त्री छन् । बाँकी ४७६ जनाको स्वकीय सचिव कटौती हुँदा २१ करोड ४८ लाख ६० हजार रूपैयाँ खर्च जोगिने अर्थ मन्त्रालयले अनुमान गरेको छ ।

राष्ट्रिय सभा र प्रदेश सभाका स्वकीय सचिवहरूको सुविधा कटौती गर्दा राज्यलाई वार्षिक २५ करोड रूपैयाँ आर्थिक भार कम हुने देखिएको छ । प्रतिनिधिसभामा २७५ जना सांसद हुन्छन् । जसमध्ये एक सभामुख र २५ जना मन्त्री हुने व्यवस्थाअनुसार २४९ जनाको स्वकीय सचिव कटौती हुने देखिन्छ । यो निर्णय प्रतिनिधिसभाको निर्वाचनपछि पनि कार्यान्वयनमा गए छ करोड ४४ लाख ९१ हजार रूपैयाँ राज्यकोषको खर्च जोगिने देखिन्छ ।

### मन्त्रालयमा स्वकीय सचिवालयको कार्यकक्ष नराखिने

संघ र प्रदेश सरकारका मन्त्रीलगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । अब यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने भएको छ ।

'नेपाल सरकार र प्रदेश सरकारका मन्त्री तथा राजनीतिक पदाधिकारीका लागि स्वकीय सचिवालयका नाममा मन्त्रालयमा कार्यकक्ष नराख्ने, सचिवालयका कर्मचारीलाई सवारीसाधन, वैदेशिक भ्रमण तथा अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने,' निर्णयमा भनिएको छ ।

प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने भएको छ । विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारका प्रतिनिधि राजदूतको नियमानुसारबाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गरिएको छ ।

सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने, महँगा इलेक्ट्रोनिक्स र बिलासी सामग्रीहरू खरिद नगर्ने, ग्यास, साइकल, स्वास्थ्य बिमा शुल्क, विद्युत् महसुल भुक्तानी, ह्याण्डपम्प जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने अर्थको निर्देशन छ ।

बक्यौता असुलीका लागि सरकारले अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने, अन्तिम लेखापरीक्षणबाट असुलउपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुलउपर गर्ने निर्णय गरेको छ ।

निर्णयानुसार प्रचलित कानुनमा व्यवस्था भएको तर नियामक निकायहरूबाट नेपाल सरकारको कोषमा दाखिला हुन बाँकी मौज्दात रकम २०८२ असोज मसान्तभित्र नियमानुसार दाखिला गराउनुपर्ने छ ।

### अत्यावश्यकबाहेकका भ्रमणमा रोक

यसैगरी सरकारले चालु खर्च खटाउन अत्यावश्यक अवस्थामाबाहेक विदेश भ्रमणमा रोक लगाउने निर्णय गरेको छ । 'नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामाबाहेक विदेश भ्रमणमा रोक लगाउने,' अर्थ मन्त्रालयका सहसचिव टंकप्रसाद पाण्डेयले जारी गरेको निर्देशनमा भनिएको छ ।

यसैगरी राष्ट्रपति र प्रधानमन्त्रीको विदेश भ्रमणमा बढीमा १० जनाभन्दा बढी जना नपाइनेगरी निर्णय गरेको छ । 'सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्रप्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा तीन जनामात्र सदस्य रहने,' निर्देशनमा उल्लेख छ ।

■■■

## युएईबाहेक...

साउदीले पारिवारिक र व्यावसायिक भ्रमणलगायतमा भने कडाइ गरिरहेको उनले बताए । मलेसिया र कतारले पनि भिसा दिइरहेको व्यवसायीहरूले बताएका छन् । पछिल्लो समय मलेसियाले कम संख्यामा श्रमिक लग्न थालेकाले आन्दोलनसँग जोड्न नमिल्ने मलेसियामा कामदार पठाउँदै आएका व्यवसायीहरू बताउँछन् । कतारको हकमा विगतमा पनि प्रणालीमा समस्या हुँदा यस्तै सुस्त गतिमा भिसा जारी हुने गरेको बताइएको छ ।

श्रमिक लग्नै रोक्ने हल्ला आएपछि परराष्ट्र मन्त्रालयले यस विषयमा चासो देखाएको छ । यस विषयमा सम्बन्धित मुलुकसँग जानकारी लिने प्रक्रियामा रहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए । 'विभिन्न हल्लाहरू आएको देखिन्छ । यस विषयमा हामीले सम्बन्धित मुलुकसँग बुझ्दैछौं,' उनले भने ।

# बाबुरामले त्यागे अध्यक्ष पद त्याग

**काठमाडौं (प्रस)–** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्यागेका छन् ।

बुधबार बसेको पार्टीको केन्द्रीय समितिको विशेष विस्तारित बैठकमा अध्यक्ष डा. भट्टराईले पदत्याग गर्ने प्रस्ताव पेस गरेको र केन्द्रीय समितिद्वारा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता कृष्ण शर्माले जानकारी दिए । उनले भने, 'अध्यक्ष भट्टराईको पदत्याग गर्ने प्रस्ताव केन्द्रीय समितिबाट स्वीकृत भएको छ । पार्टीका उपाध्यक्ष दुर्गा सोबको अध्यक्षतामा महाधिवेशन आयोजक समिति बनाउने निर्णय गरिको छ ।'

महाधिवेशनसम्मको निम्ति उपाध्यक्ष सोबलाई संयोजक र महासचिव सोनामसिंह स्याङ्तानलाई सदस्यसचिव तथा पार्टी प्रवक्तामा कृष्ण शर्मालाई तोकिएको सो पार्टीका केन्द्रीय सदस्य टंक धमलाले बताए । उनका अनुसार नेसपा (नयाँ शक्ति) ले आउँदो फागुन महिनासम्ममा आफ्नो पार्टीको विशेष महाधिवेशन गर्ने तयारी गरेको छ ।

# शुक्लाफाँटा नगरपालिकामा तीन करोडभन्दा बढीको क्षति

**कञ्चनपुर (प्रस)–** जेन-जी प्रदर्शनका क्रममा शुक्लाफाँटा नगरपालिकाले पनि आर्थिक क्षति बेहोर्नुपरेको छ । तोडफोड र आगजनीका कारण नगरपालिकासहित वडास्तरका कार्यालयमा तीन करोड २५ लाख एक हजार ५५ रूपैयाँबराबरको क्षति पुगेको छ । नगरपालिकाको मुख्य प्रशासनिक भवन जोगाउन सफल भएको प्रवक्ता लालबहादुर ऐरले जानकारी दिए । नगरपालिकाको जिन्सी शाखाका प्रमुख कृष्ण कार्कीका अनुसार सबैभन्दा बढी क्षति वडा नं ८ मा देखिएको छ । जहाँ मात्रै ५५ लाख ९६ हजार रूपैयाँबराबरको सम्पत्ति, कागजपत्र, फर्निचर, कम्प्युटर, अभिलेखलगायत नष्ट भएको छ ।

यसैगरी, वडा नं १ मा ४६ लाख ७४ हजार रूपैयाँ, वडा नं ७ मा ४५ लाख तीन हजार रूपैयाँ, वडा नं ३ मा २५ लाख १० हजार रूपैयाँ र वडा नं ५ मा २३ लाख १० हजार रूपैयाँबराबरको क्षति भएको छ । अन्य वडामा पनि लाखौंको क्षति भएको छ । वडा नं ६ मा १८ लाख ८७ हजार रूपैयाँ, वडा नं १२ मा १५ लाख ५१ हजार रूपैयाँ, वडा नं २ मा १५ लाख ७३ हजार रूपैयाँ, वडा नं ९ मा १५ लाख २२ हजार रूपैयाँ, वडा नं ४ मा १५ लाख १२ हजार रूपैयाँ, वडा नं ११ मा १३ लाख ४३ हजार रूपैयाँ र वडा नं १० मा सात लाख ४७ हजार रूपैयाँबराबरको क्षति पुगेको नगरपालिकाले संकलन गरेको क्षतिको विवरणमा उल्लेख गरिएको छ ।

# कास्कीमा सार्वजनिक सेवा प्रवाह क्रमशः सहज हुँदै

**गण्डकी (प्रस)–** जिल्ला प्रशासन कार्यालय, कास्कीले 'जेन-जी' प्रदर्शनका क्रममा कार्यालयमा तोडफोड र आगजनी भएपछि रोकिएको सेवा प्रवाहलाई क्रमशः सञ्चालनमा ल्याएको छ । बुधबारदेखि नयाँ नागरिकता, राहदानी वितरण र भारतीय पेन्सन सिफारिससम्बन्धी सेवा पुनः थालनी भएको कार्यालयले जनाएको छ ।

यसअघि गत शुक्रबारदेखि लेखनाथमा रहेको इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको विवरण दर्तासँगै यसअघि दर्ता भई प्रिन्ट भएर आएका परिचपयपत्रको वितरण पनि सुरु गरिएको थियो । 'जेन-जी' प्रदर्शन सकिएको केही दिनमै शान्ति सुरक्षा, मुद्दाको म्याद थप र दैनिक प्रशासनिक कार्य सञ्चालन गरिएकामा रोकिएका अन्य सेवा पनि सञ्चालनमा ल्याउने तयारी भइरहेको कार्यालयले जानकारी दिएको छ ।

गत भदौ २४ को प्रदर्शनयता राहदानी विभागबाट प्रिन्ट भई आएका राहदानी वितरण गर्न सुरु गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताइन् । कार्यालय तोडफोड र आगजनीका क्रममा प्रदर्शनकारीले साथमा लगेका केही राहदानी फिर्ता आएकाले सम्बन्धित सेवाग्राहीलाई राहदानी लिन आउन सूचित गरिएको उनको भनाइ छ ।

प्रतिलिपी नागरिकता, गैरआवासीय नागरिकता, राहदानी आवेदन, नाबालक परिचयपत्रलगायतका सेवा यथाशीघ्र सञ्चालनमा ल्याइने प्रजिअ शर्माले बताइन् । जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा सञ्चालित अभियानका क्रममा विवरण दर्ता गरी प्रिन्ट भएका परिचयपत्र वितरणका लागि भने पछि सूचित गरिने उनको भनाइ छ ।

आन्दोलनका क्रममा उक्त राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवाका लागि आवश्यक पर्ने विद्युतीय उपकरण आगजनीमा परी नष्ट भएकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट नयाँ उपकरण माग गरी सेवा सञ्चालन गरिएको हो । आगजनी गरिएको कार्यालयलाई सरसफाइ र मर्मतसम्भार गरेर सेवा सञ्चालनमा ल्याइएको हो । हाल दुईवटा कार्यकक्षबाट सेवा प्रवाह भइरहेको र अन्य कार्यकक्ष मर्मतको काम भइरहेको कार्यालयले जनाएको छ ।

'जेन-जी' प्रदर्शनका क्रममा गत भदौ २४ गते भएको तोडफोड, आगजनी एवं लुटपाटबाट कार्यालयमा ठूलो क्षति पुगेको छ । कार्यालयको भौतिक संरचना कुरूप बनेको छ । कम्प्युटरलगायत महत्त्वपूर्ण उपकरण जलेका तथा लुटपाट भएका छन् । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र, संस्था दर्ता, स्थानीय प्रशासन तथा शान्ति सुरक्षालगायतका सेवासम्बन्धी सम्पूर्ण अभिलेखहरू जलेर नष्ट भएको कार्यालयले जनाएको छ ।

प्रदर्शनकारीले जिल्ला प्रशासन कार्यालयसहित प्रदेश राजधानी पोखरामा रहेका तीनै तहका सरकार मातहतका अधिकांश कार्यालयमा तोडफोड र आगजनी गरेका थिए । आगजनीमा परेका पोखराका अन्य सरकारी कार्यालय र निकायले पनि सार्वजनिक सेवा प्रवाहलाई क्रमशः सहज बनाउँदै लगेका छन् ।


**साउदीमा रोजगार** कम्पनी : AL BADIA GATE AUTO SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ LT. No. 331511 चलानी नं. ६०२४५२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper/ordinary labourer/loading & unloading worker | 2 | 0 | 1000 | ३७,८४५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068

DECENT EMPLOYMENT PVT. LTD.
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

**मलेसियामा रोजगार** कम्पनी : GUARDIAN SECURITY CONSULTANTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ LT. No. 331568 चलानी नं. ६०२४५२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards (A Grade) | 100 | 0 | 1700 | ५७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1618/079/80

MANPOWER AGENCY NEPAL PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 9851068111

**साउदीमा रोजगार** कम्पनी : ABDUL AZIZ MISFER AL MAHAN COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०७ LT. No. 331421 चलानी नं. ६०२४५२८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1200 | ४५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-1041130
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

**साउदीमा रोजगार** कम्पनी : PETROPAN GENERAL CONTRACTING COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ LT. No. 331501 चलानी नं. ६०२४५२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1800 | ६८,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 2 | 0 | 1000 | ३७,८४४ | | | | | | | |
| 3 | HEAVY TRUCK DRIVER | 15 | 0 | 1800 | ६८,११९ | | | | | | | |
| 4 | Trailer truck driver | 2 | 0 | 1800 | ६८,११९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७१/०६७/०६८

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**कुवेतमा रोजगार** कम्पनी : BABY TUMMY FOOD STUFF CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ LT. No. 331498 चलानी नं. ६०२४५२६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 10 | 0 | 100 | ५५,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 11 | 0 | 120 | ५५,७९० | | | | | | | |

कम्पनी : GRAVITY RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ LT. No. 331500 चलानी नं. ६०२४५२६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF | 3 | 0 | 160 | ७४,३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 4 | 0 | 100 | ४६,४९२ | | | | | | | |
| 3 | Kitchen Worker | 6 | 0 | 120 | ५५,७९० | | | | | | | |
| 4 | Waiter | 8 | 0 | 130 | ६०,४३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (2nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al NOOR OVERSEAS — श्रम इजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७७/०७/२५ मा दर्ता भएको प्रा.लि.नं. २४७१६६ को **डेल्टा मार्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८२/०६/०९**

यस कम्पनीको मिति २०८१/०९/२७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **पूर्व अरनिको यातायात**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल अरनिको यातायात सेवा (प्रा.लि.नं. २१६४३०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/०९**

**सदुपयोग नेपाल प्रा.लि.** को मिति २०८२/०५/२९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हामारु इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि नं. २८९७४६)** कायम गर्ने गरी मिति २०८२/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/१०/२२ मा दर्ता भएको प्रा.लि.नं. १८३१८८ को **रायमाझी एग्रो फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०८/१२ मा दर्ता भएको **प्रा. लि. नं. २०३३२४** को **मकालु बरुण कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/०६/०९

यस बैंकको निक्षेपकर्ता श्री जनाई झाको नातिनी, श्री उमा झाको छोरी र श्री शशिकान्त झाको पत्नी सप्तरी जिल्ला, तिलाठी कोइलाडी गा.पा, वडा नं १ बस्ने वर्ष ७६ को श्रीमती **ललिता देवी झा**को (ना.प्र.न.९६९११४३१, जारी मिती २०४५/०२/२१, सप्तरी) को उमेरमा मिति २०८१/१२/०५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमान **शशिकान्त झा**ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमान **शशिकान्त झा**को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Sunkoshi Rural Municipality**
**Ramtar, Sindhuli**
**Date of publication: 2082/06/09**

**NOTICE FOR INVITATION OF BIDS**

1. The Sunkoshi Rural Municipality, Sindhuli invites sealed electronic bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract No. | Description of work | Bid Security Amount Nrs. | Last Date of Bid Submission | Cost of Bid-Document Nrs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SUNRM/GOODS/SQ/01/082/083 | Supply and Delivery of Medicines (As per Technical Specification provided in Bidding Document) | 1,15,000/- | 2082/06/24 12:00 Hours | 1000/- | |

2. Bidding Documents is available Online and can be downloaded from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
**Name of Office : Sunkoshi Rural Municipality Office, Sindhuli**
**Account no : 1480100301010002**
**Office Code no : 801032508**
**Revenue code no : 14229**

3. The detailed information of the bid can be obtained from the Office of Rural Municipal Executive or studied respectively from www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***

# कामपाका सामुदायिक विद्यालयमा १०६० स्मार्ट बोर्ड जडान हुने

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा एक हजार ६० स्मार्ट बोर्ड जडान हुने भएको छ । महानगरपालिकाका नगरप्रमुख बालेन्द्र साहले बुधबार सामाजिक सञ्जालमार्फत महानगरभित्रका ८७ सामुदायिक विद्यालयमा तिहारअघि एक हजार ६० स्मार्ट बोर्ड जडान गर्नेगरी महानगरले काम गरिरहेको जानकारी दिए ।

नगरप्रमुख साहले हालसम्म ४९० स्मार्ट बोर्ड जडान भइसकेको र बाँकी ५७० बोर्ड जडानका लागि बजेट निकासा भइसकेकाले तिहारअघि नै उक्त बोर्ड पनि जडान भइसक्ने बताए ।

उक्त स्मार्ट बोर्ड जडान भएसँगै काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत ५३ हजार विद्यार्थी लाभान्वित हुने महानगरले जानकारी दिएको छ । नगरप्रमुख साहले महानगरको पहिलो प्राथमिकता विद्यार्थी भएको बताए । ‘विद्यार्थीमा गर्ने लगानीलेमात्र उनीहरूलाई आफ्नो विद्यालय, समाज र देशप्रति गौरव गर्नसक्ने आधार तयार हुन्छ भन्ने कुरामा हामी स्पष्ट छौं, यस अभियानमा सबैको अपनत्व र सहभागिता आवश्यक छ,’ नगरप्रमुख साहले भने ।

# माओवादी केन्द्र विशेष महाधिवेशनतर्फ

**काठमाडौं (प्रस)–** नेकपा माओवादीकेन्द्रले हालको केन्द्रीय समिति विघटन गरी विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव आसन्न केन्द्रीय समिति बैठकमा प्रस्तुत गर्ने भएको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार बसेको स्थायी समिति बैठकले अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने, सोको संयोजन स्वयं अध्यक्षले गर्ने र प्रस्ताव लैजाने निर्णय गरेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

‘पार्टीभित्र एकता कायम गर्न र वर्तमान परिस्थितिको मागअनुरूप केन्द्रीय समिति भंग गरी अध्यक्षकै संयोजनमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव केन्द्रीय समितिमा प्रस्तुत गर्ने निर्णय भएको छ । साथै विशेष महाधिवेशनको मिति तोक्ने प्रस्ताव पनि गरिएको छ,’ प्रवक्ता सापकोटाले बताए ।

यससम्बन्धी प्रस्तावमाथि छलफल गर्न माओवादी केन्द्रले यही असोज ९ गते केन्द्रीय समितिको बैठक बोलाएको छ । बैठकले पदाधिकारी बैठकको प्रस्तावमाथि छलफल गरी निर्णय लिने छ । हालैको जेन-जी आन्दोलनपछि राजनीतिक दलमा पुस्तान्तरणको दबाब बढिरहेको सन्दर्भमा यो कदम अघि सारिएको हो । बैठकले घोषित मितिमै निर्वाचन सम्पन्न गराउन सरकारलाई ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको छ । सरकारले प्रतिनिधिसभा निर्वाचन आगामी फागुन २१ गते गर्ने घोषणा गरिसकेको छ ।

यस्तै, माओवादी केन्द्रले जेनजीसहित लोकतान्त्रिक र अग्रगामी शक्तिहरूसँग वार्ता र समझदारी कायम गर्ने, समाजवादी मोर्चा तथा समान विचारधारासँग एकता गर्ने र बृहत् मोर्चा निर्माण गर्न पहल गर्ने निर्णय गरेको छ ।

‘परिस्थिति तीव्र गतिमा बदलिँदै गइरहेको छ । यस्तो अवस्थामा परिवर्तनकारी शक्तिहरू एकजुट भएर अघि बढ्नुपर्छ भन्ने बैठकको निष्कर्ष छ । जेन-जी पुस्ताले उठाएका मागहरू जायज भए पनि त्यसलाई विशेष परिस्थितिको प्रभाव मान्दै अग्रगमन पक्षधर शक्तिको एकताबद्ध प्रयास अपरिहार्य देखिन्छ,’ प्रवक्ता सापकोटाले भने ।

# स्वास्थ्यकर्मी र कर्मचारीलाई न्याम्सको १२ बुँदे आचारसंहिता

**काठमाडौं (प्रस)–** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)ले शिक्षक, चिकित्सक र स्वास्थ्यकर्मीसहित कर्मचारीका लागि १२ बुँदे आचारसंहिता जारी गरेको छ ।

न्याम्सका उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले प्रतिष्ठानमा सुशासन कामय गराउने उद्देश्यले बुधबार शिक्षक, चिकित्सक र स्वास्थ्यकर्मीसहित कर्मचारीका लागि १२ बुँदे आचारसंहिता जारी गरिएको जानकारी दिए । उनले सेवाग्राहीबाट व्यवस्थापनसमक्ष विगतमा विभिन्न गुनासो आएका बताउँदै सोबारे परिपत्र गरिएकामा अपेक्षित सुधार नभएपछि सेवा सुधारका लागि कर्मचारी आचारसंहिता जारी गरिएको उल्लेख गरे ।

सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्कमा आउने स्वास्थ्यकर्मी तथा कर्मचारीले बिरामीसँग शिष्ट एवं मर्यादित व्यवहार गर्ने, कार्यालयको निर्धारित समयमा आफ्नो कार्यस्थलमा उपस्थित भई तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने, कार्यालय समयभित्र खाजा/खाना खानुपरेमा आलोपालो मिलाएर निर्धारित समयमा व्यवस्थापन गर्नुपर्नेलगायत आचारसंहिता रहेका प्रतिष्ठानले जानकारी दिएको छ ।

चिकित्सक तथा स्वास्थ्यकर्मीले कार्यालय समयमा अस्पतालबाहिर गएर निजी अस्पताल/क्लिनिकमा बिरामी हेर्न नपाउने, अस्पताल बाहिर औषधि पसल/ल्याब वा इमेजिङ सेन्टरलगायत खोल्न नपाउने, अस्पतालमा हुने परीक्षणहरू अस्पतालमा नै गर्ने/गराउने व्यवस्था मिलाउने, बिरामीलाई अनावश्यकरूपमा अन्य अस्पतालमा रिफर नगर्नेलगायत विषय आचारसंहितामा उल्लेख गरिएको छ ।

त्यस्तै बहिरंग विभाग (ओपिडी)मा बिरामी नसकी ओपिडी छोडेर बाहिर नजाने, बिरामीलाई विशेष वा कुनै खास कम्पनीको औषधि तथा औषधिजन्य सामग्री खरिद गर्न बाध्य नपार्ने र अस्पताल फार्मेसीबाट औषधि उपलब्ध गराउने आचारसंहितामा उल्लेख गरिएको छ । न्याम्सअन्तर्गत वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टर पर्दछन् ।

# प्रधानमन्त्रीले आज राष्ट्रका नाममा सम्बोधन गर्ने



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले आज राष्ट्रका नाममा सम्बोधन गर्ने भएकी छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार आज दिउँसो ४:०० बजे मन्त्रिपरिषद्को बैठक बस्ने र साँझ ६:०० बजे प्रधानमन्त्री कार्कीले राष्ट्रका नाममा सम्बोधन गर्ने कार्यतालिका तय भएको छ ।

जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारको नेतृत्व गरेकी प्रधानमन्त्री कार्कीले पहिलोपटक राष्ट्रका नाममा सम्बोधन गर्न लागेकी हुन् । गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश कार्की प्रधानमन्त्री पदमा नियुक्त भएकी थिइन् । भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको जगमा अन्तरिम सरकार गठन भएको थियो ।

प्रधानमन्त्री कार्की नेतृत्वको अन्तरिम सरकारले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते निर्वाचनको घोषणा गरिसकेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०६/०९**

यस कम्पनीको मिति २०८२/०५/१६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माई फेमेलि डाटा कलेक्सन**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आइ.टि. केयर नेपाल (प्रा.लि.नं. ३७३०७६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी गाभ्ने बारेको सूचना

गाभ्ने र गाभिने कम्पनीहरूको मिति २०८२/०५/०१ गते सम्पन्न संयुक्त मर्जर समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम ग्रेस इन्टरनेशनल बुटवल, (दर्ता नम्बरः १८१९५४), मा **स्नो म्याजिक एजुकेशन फाउण्डेशन प्रा. लि.नं.** ११३६९६ लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी **स्नो म्याजिक एजुकेशन फाउण्डेशन प्रा. लि.नं.** ११३६९६ ), लाई ग्रेस इन्टरनेशनल बुटवल, (दर्ता नम्बरः १८१९५४),मा गाभ्न मिति २०८२/०५/०६ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

## Narainapur Rural Municipal
**Office of Rural Municipal Executive**
**Narainapur, Banke**
**Lumbini Province, Nepal**

## Notice for Amendment

**Date of publication: 9th Ashoj, 2082 (25th September, 2025)**

In reference to the invitation for Electronic Bid notice published on **2082/05/15 (8/31/2025)** in the Nepal Samachar Patra National Daily Newspaper for **Construction of Two Storey RCC Framed Structure School Building and other Infrastructure works at Aadarsh Secondary School, Laxmanpur, Narainapur -2, Banke & Contract ID : NRM/WORKS/NCB/BUILDING/18-2082/083** some amendment has been made. For further information may visit PPMO EGP system of http://***www.bolpatra.gov.np/egp.***

**Chief Administrative Officer**

## युएईमा रोजगार

कम्पनी : TMJ SCAFFOLDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331466 | चलानी नं. ६०२४५२८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 12 | 0 | 1500 | ५७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Accountant | 1 | 0 | 2000 | ७७,२९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074

**C. D. HUMAN RESOURCES PVT. LTD.**
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664, 9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

## युएइमा रोजगार

कम्पनी : GULF TUNNELING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331577 | चलानी नं. ६०२४५२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 3 | 0 | 1200 | ४६,३७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 3 | 0 | 1500 | ४६,३७९ | | | | | | | |
| 3 | Labour (building Projects) | 5 | 0 | 1100 | ४६,३७९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## साउदीमा रोजगार

कम्पनी : EAST AND WEST GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331386 | चलानी नं. ६०२४५१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 8 | 0 | 1200 | ४५,४१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EIDAH JAYEZ AL-ANZI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331499 | चलानी नं. ६०२४५२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1200 | ४५,४१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL AZIZ SAFAR HUSSEIN AL ARAR TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/०३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/०८ | LT. No. 325721 | चलानी नं. ६०२४५२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1500 | ५६,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## MAURITIUS मा रोजगार

कम्पनी : RHT BUS SERVICES LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/०८ | LT. No. 324910 | चलानी नं. ६०२३९१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AUTOMOBILE ELECTRICIANS | 5 | 0 | 17405 | ५४,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Automobile Mechanics | 10 | 0 | 17405 | ५४,५६१ | | | | | | | |
| 3 | Brick Builder | 10 | 0 | 17405 | ५४,५६१ | | | | | | | |
| 4 | Bus Drivers | 31 | 0 | 22947 | ७१,९३४ | | | | | | | |
| 5 | electric arc welder | 5 | 0 | 17405 | ५४,५६१ | | | | | | | |
| 6 | HEAVY VECHICLE DRIVER | 15 | 0 | 17405 | ५४,५६१ | | | | | | | |
| 7 | Painter | 5 | 0 | 17405 | ५४,५६१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
985-2071785, Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## Jagadulla Rural Municipality
**Office of Rural Municipal Executive**
**Majhgaun, Dolpa**
**Karnali Province**

## Invitation for Bids

**Notice No. 1-082/83/JRM/NCB**
**First Date of Publication: 2082/06/09 (25th Sep, 2025)**

1. The Central / Provincial Government of Nepal [GoN] and Local Level Gon has allocated funds towards the cost of following works, and intends to apply part of the funds to cover eligible payments under the Contract given in the Table below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Contract Identification No | Description and Location of Works | Estimated Amounts (NRs) Without VAT & PS | Fee for Bid Documents (NRs) | Minimum Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|---|
| 1 | JRM/ NCB/W-1/2082-83 | Simachaur Dekhi Chukena Sadak Marmat , Jagadulla 5 Dolpa | 13883092.34 | 3000 | 350000.00 | 90 |

Bid security period shall be 30 days beyond bid validity period. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Jagadulla Rural Municipality Office, Majhgaun, Dolpa or PPMO Website :- www.bolpatra.gov.np/egp

2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO website: Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank :** Nepal Bank Limited, Jagadulla Branch , **Office Code no :** 801066105
**Office Account no :** 24903000001001000001 **Revenue head no. :** 14229
**Name of Office :** Jagadulla Rural Municipality Majhgaun, Dolpa

3. Pre-bid meeting shall be held. Date:2025.10.15 Time:12:00 Pm Address: Jagadulla Rural Municipality
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 2025/10/26. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:10 Hrs on 2025/010/26 at the office of Jagdulla Rural Municipality, Majhgaun .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief administraitive officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### चाडपर्वमा सुरक्षा व्यवस्था प्रभावकारी बनाऊ

हिन्दू धर्मावलम्बीहरूको दसैं पर्व भित्रिसकेको छ । यो बेला राजधानी तथा सहरी क्षेत्रमा रहेका मानिसहरू आफ्नो गाउँ जाने क्रम बढेको छ । कोही किनमेलका लागि सहरबजारमा निस्किरहेका छन् भने कोही पर्व मनाउन गाउँ पसिरहेका छन् । चाडपर्वमा अपराधका घटना धेरै हुने गरेका छन् । लुटपाट, हत्याका घटना यस्तै बेला बढ्ने गर्छन् । अत्याधिक मादकपदार्थ सेवन, रिसइबी साँध्नेजस्ता कारण पनि अपराधिक घटना बढ्छन् । अपराधका मुख्य कारण पत्ता लगाउन निकै अनुसन्धान गर्नुपर्छ । कतिपयले आफू सहर छोडी घर गएको, घर छोडेर सहर गएको सूचनाहरू सामाजिक सञ्जालमा राख्दा पनि चोरीका घटना बढेका छन् ।

यसपटक जेन–जी विद्रोहका कारण १३ हजारभन्दा बढी कैदी जेल बाहिर निस्किए । तीमध्ये आधाआधी जेल फर्किए पनि आधी कहाँ छन् कसैलाई थाहा छैन । यहीबेला प्रहरीको मनोबल पनि खस्किएको छ । आन्दोलनकारीहरूले प्रहरीका एक हजार २७६ थान राइफल र पेस्तोलसमेट लुटेका छन् । प्रहरीको आन्तरिक अभिलेखअनुसार आन्दोलनपछि ९८ हजार ४९१ थान गोलीको अत्तोपत्तो छैन । जेन–जीको आन्दोलनमा काठमाडौंबाट लुटिएका दुई पेस्तोल र २८ राउण्ड गोली कैलालीको गौरीगंगामा मंगलबार भेटिएको छ ।

यसरी काठमाडौंबाट लुटिएका हतियार देशभर पुगेको अनुमान गर्न सकिन्छ । यस्ता हतियारले समाजमा आतंक सिर्जना हुन्छ । नागरिकले असुरक्षा महसुस गर्छन् । प्रहरीबाट लुटिएका हतियारहरू घातक छन् भन्ने कुरा त भदौ २३ गतेको प्रदर्शनकै क्रममा १९ जनाभन्दा बढी मारिएको घटनाबाट प्रस्ट हुन्छ । एक त सजाय भुक्तान गरिरहेको व्यक्तिहरू खुलेआम समाजमा प्रवेश हुनु, अर्को उनीहरूको हातमा घातक हतियार हुनुले त्रास बढाएको छ ।

गत असोज ३ गते कारागारबाट भागेका काभ्रे पनौतीका एक व्यक्तिले आफ्नै श्रीमतीको हत्या गरे । जेन–जी आन्दोलनका क्रममा नक्खु कारागारबाट भदौ २४ गते भागेका ती कैदीले आफ्नो अपराध स्वीकार गरिसकेका छन् । यस्तो अवस्थामा प्रहरीले अबका दिनमा हतियारमात्र हैन हतियाररहित कैदीहरूको पनि विशेष निगरानी राख्नुपर्छ । किनकि, कारागारबाट बाहिर निस्केका कैदीमाथि पनि आक्रमण हुन सक्छ । यसले थप अपराध बढ्ने भएकोले बेलैमा सूक्ष्म निगरानी राख्नु आजको आवश्यकता हो । आन्दोलनको बेला प्रहरीमाथि आक्रमण गरे पनि शान्तिसुरक्षाका लागि प्रहरी अतिआवश्यक हो भन्ने प्रमाणित भइसकेको छ । त्यसैले पुनः मनोबल दरो बनाएर प्रहरीले चाडपर्व लक्षित सुरक्षा व्यवस्थालाई कसिलो बनाउनुपर्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# चक्रीय अर्थतन्त्रको महत्व र आवश्यकता



■ केवलबहादुर दमाई

अर्थतन्त्र राष्ट्र, समाज, समुदाय चलाउने एउटा साधन हो । यो २१औं शताब्दीको महत्त्वपूर्ण औजार हो । अर्थतन्त्रविनाको राष्ट्र, समाज, समुदाय, परिवारको परिकल्पना गर्न सकिँदैन । यो मानवीय जीवनपद्धतिलाई मूर्तरूप दिने एक महत्त्वपूर्ण साधन हो । विश्वलाई नजिकबाट हेर्दा अर्थतन्त्र तीव्र औद्योगिकीकरण, उपभोगको अन्धाधुन्ध प्रयोग र प्राकृतिक स्रोतको अनियन्त्रित असन्तुलित बन्दै गएको छ । चक्रीय अर्थतन्त्र दिगो विकासको व्यावहारिक विकल्पका रूपमा विश्वभरि अघि सारेको छ ।

चक्रीय अर्थतन्त्र भनेको स्रोतलाई अधिकतम् उपयोग गर्दै, फोहोरलाई न्यूनीकरण गर्दै पुनःप्रयोग, मर्मत, पुनर्चक्रण र नवीकरणलाई प्रोत्साहन गर्ने आर्थिक प्रणाली हो । यसले 'टेक-मेक-डिस्पोज' अर्थात् 'लिनु-बनाउनु-फाल्नु' भन्ने पुरानो सोचलाई विस्थापन गरी 'रिडचुस-रियुज-रिसाइकल' मा जोड दिन्छ । यसरी, उत्पादन र उपभोगको चक्र निरन्तर चलिरहने भएकाले यसलाई चक्रीय भनिएको हो । प्राकृतिक स्रोत साधनबाट प्राप्त भएका स्रोत र साधनहरूलाई छोटो समय प्रयोग गरेर फाल्दा त्यसले वातावरण र मानवीय जीवनमा ठूलो समस्या ल्याउँछ । त्यसैगरी अर्थतन्त्रमा पनि यसले धेरै असर पार्दछ ।




> नेपालजस्तो प्राकृतिक स्रोतमा धनी तर औद्योगिक प्रविधिमा निर्भर मुलुकका लागि चक्रीय अर्थतन्त्रको महत्त्व विशेष छ । काठमाडौं उपत्यकामामात्र दैनिक १२ सयदेखि १५ सय टन फोहोर उत्पादन हुन्छ । तर पुनर्चक्रण हुने दर १५ प्रतिशतभन्दा कम छ । यदि न्यूनतम ५० प्रतिशत फोहोर पुनःप्रयोग गर्न सकियो भने ल्याण्डफिल साइटमा दबाब कम हुनेमात्र होइन, करोडौंको आम्दानी र हजारौं रोजगारी सिर्जना गर्न सकिन्छ । वार्षिक करिब ५५ लाख टन कृषिजन्य अवशेष उत्पादन हुन्छ । यी अवशेषलाई कम्पोस्ट मल, पशु आहार वा बायोग्यासमा प्रयोग गर्न सकिन्छ । यसरी आयातमा निर्भर रासायनिक मलको खपत घटाउन सकिन्छ ।

चक्रीय अर्थतन्त्रमा कुनै पनि प्राकृतिक वस्तुलाई प्रयोगमा ल्याइसकेपछि त्यसलाई छोटो समयका लागि मात्र होइन मिल्छ भने लामो समयसम्म प्रयोगमा ल्याउनुपर्छ भन्ने मान्यता राख्दछ । रेखीय अर्थव्यवस्थामा वस्तुलाई छोटो समयका लागि प्रयोग गरिन्छ । यसले प्राकृतिक स्रोत साधनको दोहन, राष्ट्रलाई अर्थतन्त्रमा असर र मानवीय आवश्यकता परिपूर्तिमा पनि संकट उत्पन्न गराउँछ ।

चक्रीय अर्थव्यवस्थामा वातावरणलाई मध्यनजर गर्दै मानवीय आवश्यकता परिपूर्ति र संकटलाई हटाउन सकिन्छ । विश्व परिवेशलाई हेर्ने हो भने दिनप्रतिदिन मानवीय आवश्यकताको अभाव बढ्दै गएको छ । सामान्यतया दैनिक उपभोग्य वस्तुहरूको पनि अभाव सिर्जना भइरहेको छ । यी अभावहरूलाई निराकरण गर्नका लागि चक्रीय अर्थव्यवस्थालाई अवलम्बन गर्न सकिन्छ । हामीले उत्पादन गरेका सामानहरूलाई एकपटक मात्र होइन बारम्बार प्रयोग गर्नुपर्छ । नेपालजस्तो स्रोतमा धनी तर प्रविधि र पुँजीमा निर्भर मुलुकका लागि चक्रीय अर्थतन्त्र विशेष महत्त्वपूर्ण छ ।

कृषिजन्य अवशेषलाई कम्पोस्ट मलमा रूपान्तरण गर्ने, धातु तथा प्लास्टिकलाई पुनःप्रयोगमा ल्याउने, उद्योगले उत्पादन गर्दा उत्पन्न फोहोरलाई अर्को उद्योगका लागि कच्चापदार्थ बनाउनेजस्ता अभ्यास नेपालमा सहजै अपनाउन सकिन्छ । नेपालमा वातावरणीय चुनौतीहरू दिन प्रतिदिन बढ्दो छ । सहरहरू फोहोर व्यवस्थापनमा असक्षम देखिएका छन्, नदीनाला प्लास्टिक र अन्य फोहोरले अवरुद्ध छन्, वायु प्रदूषणले स्वास्थ्य समस्या बढाइरहेको छ, र ऊर्जा खपत परम्परागत स्रोतमा नै निर्भर छ । यस्ता समस्या समाधानका लागि चक्रीय अर्थतन्त्र उत्तम विकल्प हो । यदि हामीले प्लास्टिक, कागज, धातु, इलेक्ट्रोनिक सामान आदिलाई पुनर्चक्रण गर्ने उद्योगलाई प्राथमिकता दिन सक्यौं भने फोहोरलाई भार होइन, स्रोतमा रूपान्तरण गर्न सकिन्छ । यसले वातावरणीय समस्या कम गर्नेमात्र होइन, रोजगारी सिर्जना गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने र आर्थिक वृद्धिमा टेवा पुऱ्याउने छ ।

चक्रीय अर्थतन्त्रले वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । पहिलो, यसले फोहोरलाई न्यून पार्छ, जसले जल, वायु र माटोको प्रदूषणलाई नियन्त्रण गर्न मद्दत गर्दछ । दोस्रो, सीमित प्राकृतिक स्रोतको दिगो प्रयोग सुनिश्चित हुन्छ । खानी पदार्थ, वनस्पति, पानीजस्ता स्रोत लामो समयसम्म संरक्षणमा रहन्छन् । तेस्रो, पुनःप्रयोग र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोग बढ्दा हरितगृह ग्यासको उत्सर्जन घट्छ, जसले जलवायु परिवर्तन नियन्त्रणमा सहयोग पुऱ्याउँछ ।

दिगो विकासका दृष्टिले पनि यसको भूमिका अपरिहार्य छ । चक्रीय अर्थतन्त्रले नयाँ उद्योग र रोजगारी सिर्जना गर्छ, जसले आर्थिक समृद्धिमा योगदान पुऱ्याउँछ । यसले समाजमा जिम्मेवार उपभोगको संस्कृति बढाउँछ, जसले भविष्य पुस्तालाई स्वस्थ वातावरण हस्तान्तरण गर्न सुनिश्चित गर्छ । साथै, हरित प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन दिन्छ, जसले नेपाललाई प्रविधिकरूपमा सवल बनाउन सक्छ ।

अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्यहरूले पनि यस अवधारणालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सम्बोधन गरेका छन् । विशेषगरी लक्ष्य १२ जिम्मेवार उपभोग र उत्पादन लक्ष्य १३ जलवायु कार्यवाही लक्ष्य १५ भूमि जीवन संरक्षणलगायतका लक्ष्य चक्रीय अर्थतन्त्रको अभ्यासविना हासिल गर्न सकिँदैनन् । यसले स्पष्ट देखाउँछ कि नेपालले पनि दिगो विकासका लक्ष्यहरू पूरा गर्न चाहन्छ भने चक्रीय अर्थतन्त्रलाई प्राथमिकतामा राख्नैपर्छ ।

अब प्रश्न उठ्छ नेपालले के गर्न सक्छ ? पहिलो, सरकारको नीति तथा योजना तहमै चक्रीय अर्थतन्त्रलाई स्पष्ट रूपमा समावेश गर्नुपर्छ । उद्योग, व्यवसाय र स्थानीय सरकारलाई पुनःप्रयोग र पुनर्चक्रणलाई प्रोत्साहन दिने कानुनी आधार तयार हुनुपर्छ । दोस्रो, नागरिकस्तरमा उपभोगको शैलीमा परिवर्तन आवश्यक छ । 'फयाँक्ने संस्कृतिबाट' 'पुनःप्रयोग संस्कृतितर्फ' समाजलाई उन्मुख गराउन शिक्षा, सचेतना र व्यावहारिक अभ्यास बढाउनुपर्छ । तेस्रो, निजी क्षेत्रलाई हरित उद्योगमा लगानी गर्न प्रोत्साहन दिन कर छुट, प्राविधिक सहयोग र बजार सुनिश्चितताजस्ता नीति आवश्यक छन् । चौथो, स्थानीय सरकारहरूले फोहोर व्यवस्थापनलाई स्रोतमै छुटचाउने अभ्यासलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ ।

नेपालले जलविद्युत्, जैविक विविधता, वन सम्पदा, कृषि उत्पादनलगायतका प्राकृतिक स्रोतहरूलाई दिगो ढंगले उपयोग गर्न सकेमात्र आर्थिक समृद्धि सम्भव हुन्छ । तर यदि अहिलेको जस्तो स्रोतको दुरूपयोग, प्रदूषण र उपभोगको असन्तुलित प्रवृत्ति जारी रहचो भने भविष्यमा गम्भीर संकट आउन सक्छ । त्यसैले, चक्रीय अर्थतन्त्र नेपालका लागि विकल्प होइन, अनिवार्य अभ्यास हो । वातावरण संरक्षण र दिगो विकासको साझा लक्ष्य हासिल गर्न चक्रीय अर्थतन्त्र नै आधारस्तम्भ बन्न सक्छ । यसले प्रदूषण घटाउने, स्रोतलाई दिगो बनाउने, रोजगारी सिर्जना गर्ने र अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्ने छ । अब आवश्यकता केवल यसको औपचारिक स्वीकारोक्ति मात्र होइन, व्यवहारमा उतार्ने दृढ राजनीतिक संकल्प र नागरिक सहभागिता हो । नेपालले आजैदेखि चक्रीय अर्थतन्त्रतर्फ ठोस कदम चाल्न सके भनेमात्रै सुरक्षित, हरित र दिगो भविष्य सुनिश्चित गर्न सकिन्छ ।

## चक्रीय अर्थतन्त्रको महत्त्व

- रेखीय अर्थतन्त्रका सीमाहरू उत्पादन, उपयोग, फोहोरबारे छोटो चर्चा ।
- चक्रीय अर्थतन्त्रको अवधारणा स्रोतको अधिकतम उपयोग, पुनःप्रयोग, मर्मत, र पुनर्चक्रण ।
- दिगो विकास र वातावरणीय संरक्षणका लागि यसको आवश्यकता ।

## नेपालमा रेखीय अर्थतन्त्रको पकड र चुनौतीहरू

- नेपालमा उत्पादन, उपभोग र फोहोर व्यवस्थापनको वर्तमान परिदृश्य ।
- बढ्दो सहरीकरण र यसले फोहोर उत्पादनमा पारेको असर ।
- स्रोतको अत्यधिक दोहन र वातावरणीय क्षयका उदाहरणहरू वन फँडानी, नदी प्रदूषण ।
- प्लास्टिक फोहोर र जैविक फोहोर व्यवस्थापनमा रहेका समस्याहरू ।
- फोहोरलाई स्रोतका रूपमा हेर्ने दृष्टिकोणको अभाव ।
- प्रविधि र पूर्वाधारको कमी- नेपालमा आधुनिक पुनर्चक्रण उद्योग र प्रविधि न्यून छ ।
- नीति कार्यान्वयनमा कमजोरी- नीति र ऐन त बनेका छन्, तर व्यवहारमा कार्यान्वयन न्यून छ ।
- लगानी र निजी क्षेत्रको अनिच्छा- प्रारम्भिक लगानी उच्च हुने भएकाले निजी क्षेत्र सजिलै अघि बढ्दैन ।
- उपभोक्ता सचेतनाको कमी- सामान पुनःप्रयोग गर्ने वा फोहोर छुट्याएर व्यवस्थापन गर्ने संस्कृति कमजोर छ ।

## चक्रीय अर्थतन्त्रका आधारभूत सिद्धान्त र उपयोगिता

- कम प्रयोगः अनावश्यक उपभोग घटाउने, उत्पादनमा स्रोतको कम प्रयोग ।
- पुनःप्रयोगः वस्तुलाई धेरै पटक प्रयोग गर्ने, मर्मत गरेर चलाउने ।
- पुनर्चक्रणः फोहोरलाई नयाँ उत्पादनमा परिणत गर्ने ।
- पुनःउत्पादनः प्राकृतिक प्रणालीलाई पुनर्स्थापित गर्ने र जैविक प्रक्रियालाई सहयोग गर्ने ।
- डिजाइन फर सर्कुलारिटीः उत्पादनको डिजाइन गर्दा नै त्यसको आयु, मर्मत सम्भार र पुनर्चक्रणलाई ध्यान दिने ।

## उपयोगिता

- स्रोतको संरक्षण र निर्भरतामा कमी ।
- नयाँ रोजगारीका अवसरहरूको सिर्जना मर्मत, पुनर्चक्रण उद्योग ।
- आर्थिक वृद्धि र प्रतिस्पर्धात्मकतामा सुधार ।
- वातावरणीय प्रदूषणमा कमी र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण ।
- समुदायमा आत्मनिर्भरता र लचिलोपन ।

चक्रिय अर्थतन्त्रले आयातमा निर्भरता घटाउने, रोजगारी सिर्जना गर्ने र वातावरण संरक्षणमा मद्दत पुऱ्याउने छ । आजको विश्व अर्थतन्त्र द्रुत गतिमा उपभोगमुखी मोडेलतर्फ उन्मुख हुँदै गएको छ । उत्पादन, उपभोग र फोहोरलाई अन्त्य बिन्दु मान्ने रैखिक अर्थतन्त्रले वातावरणीय संकट, प्राकृतिक स्रोतको क्षय र जलवायु परिवर्तनलाई थप गहिरो बनाइरहेको छ । यस समस्याको दीर्घकालीन समाधानका रूपमा चक्रीय अर्थतन्त्रको अवधारणा विश्वभर चर्चामा आएको छ ।

युरोपेली संघले सन् २०१५ देखि नै 'सर्कुलर इकोनोमी एक्सन प्लान' अर्थात् चक्रीय अर्थतन्त्र कार्ययोजना लागू गरेको छ, जसअन्तर्गत प्लास्टिक, इलेक्ट्रोनिक, धातुलगायत क्षेत्रलाई पुनर्चक्रण गर्ने बाध्यकारी नीति लिइएको छ । चीनले आफ्नो ११औं पञ्चवर्षीय योजनादेखि नै चक्रीय अर्थतन्त्रलाई औद्योगिक रणनीति बनाएको छ । जापानले 'साउण्ड म्याटेरिएल-साइकल सोसाइटी' को अवधारणामार्फत इलेक्ट्रोनिक र गाडीका पार्ट्सलाई पुनःप्रयोगमा ल्याउनेमा विश्वमै उदाहरणीय अभ्यास देखाएको छ ।

यी अभ्यासहरूले देखाउँछन् चक्रीय अर्थतन्त्र केवल वातावरणीय प्रश्नमात्र नभई दीर्घकालीन आर्थिक प्रतिस्पर्धा र रोजगारी सिर्जनाको पनि आधार हो । नेपालजस्तो मुलुकका लागि चक्रीय अर्थतन्त्रको महत्त्व अझ गहिरो छ ।

## फोहोर व्यवस्थापन

काठमाडौं उपत्यकामा दैनिक एक हजार २०० टनभन्दा बढी फोहोर उत्पादन हुन्छ । यसको ठूलो हिस्सा पुनःप्रयोगयोग्य हुन्छ, तर व्यवस्थापन अभावमा ल्याण्डफिल साइटमा थुप्रिन्छ । कृषिजन्य अवशेषलाई कम्पोस्ट मल, बायोग्यास वा पशु आहारमा प्रयोग गर्न सकिन्छ, जसले आयातीत रासायनिक मलमा निर्भरता घटाउँछ । प्लास्टिक, कागज, धातु र गिलास उद्योगलाई पुनर्चक्रणसँग जोड्दा रोजगारी सिर्जना बढाउन र उत्पादन लागत घटाउन सकिन्छ ।

जलविद्युत्, सौर्य र बायोग्यासजस्ता नवीकरणीय ऊर्जालाई प्रोत्साहन गर्ने नीति चक्रीय अर्थतन्त्रसँग सीधै सम्बन्धित छ । सम्भावना नेपालमा पर्याप्त प्राकृतिक स्रोत, कृषिजन्य उत्पादन र युवा श्रमशक्ति छ । साना तथा मझौला उद्यमले पुनर्चक्रण र पुनःप्रयोग उद्योगलाई बलियो बनाउन सक्छन् । पर्यटनमासमेत 'इको-टुरिज्म'को अवधारणा चक्रीय अर्थतन्त्रसँग जोड्न सकिन्छ ।

समयमै उचित नीति र लगानीसहित नेपालले चक्रीय अर्थतन्त्रलाई अपनाउन सके आर्थिक समृद्धि र स्वच्छ वातावरण दुवै सुनिश्चित हुने छ । युरोपेली संघको चक्रीय अर्थतन्त्र कार्ययोजनामा सन् २०३० सम्म ६० प्रतिशतभन्दा बढी फोहोर पुनर्चक्रण गर्ने लक्ष्य । नेपालका लागि चक्रीय अर्थतन्त्रको महत्त्व अझै बढी छ ।

## नेपालको अवस्था र सम्भावना

नेपालजस्तो प्राकृतिक स्रोतमा धनी तर औद्योगिक प्रविधिमा निर्भर मुलुकका लागि चक्रीय अर्थतन्त्रको महत्त्व विशेष छ । काठमाडौं उपत्यकामामात्र दैनिक १२ सयदेखि १५ सय टन फोहोर उत्पादन हुन्छ । तर पुनर्चक्रण हुने दर १५ प्रतिशतभन्दा कम छ । यदि न्यूनतम ५० प्रतिशत फोहोर पुनःप्रयोग गर्न सकियो भने ल्याण्डफिल साइटमा दबाब कम हुनेमात्र होइन, करोडौंको आम्दानी र हजारौं रोजगारी सिर्जना गर्न सकिन्छ ।

## कृषि

नेपालमा वार्षिक करिब ५५ लाख टन कृषिजन्य अवशेष उत्पादन हुन्छ । यी अवशेषलाई कम्पोस्ट मल, पशु आहार वा बायोग्यासमा प्रयोग गर्न सकिन्छ । यसरी आयातमा निर्भर रासायनिक मलको खपत घटाउन सकिन्छ ।

## ऊर्जा

हाल नेपालमा कूल ऊर्जा आपूर्तिको ६८ प्रतिशत जैविक इन्धन, दाउरा, गुइँठाबाट हुन्छ । तर नेपाल जलविद्युत्, सौर्य, पवन र बायोग्यासमा पर्याप्त सम्भावना भएको देश हो । चक्रीय अर्थतन्त्रसँग सम्बन्धित नवीकरणीय ऊर्जामा लगानी बढाउँदा ऊर्जा आत्मनिर्भरता सम्भव हुन्छ ।

## प्लास्टिक र उद्योग

नेपालमा वार्षिक २५ हजार टनभन्दा बढी प्लास्टिक प्रयोग हुन्छ, जसको आधा अनियन्त्रित रूपमा फालिन्छ । पुनर्चक्रण प्रविधि प्रयोग गरी प्लास्टिकलाई नयाँ उत्पादनमा रूपान्तरण गर्दा रोजगारी सिर्जना र आयातको दबाब दुवै घटाउन सकिन्छ ।

## सारांश

चक्रीय अर्थतन्त्र नेपालका लागि अब विकल्प होइन, बाध्यता बनेको छ । यसले वातावरणीय संकट समाधानमात्र होइन रोजगारी सिर्जना, आयात प्रतिस्थापन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ठूलो योगदान पुऱ्याउन सक्छ । सरकारको स्पष्ट नीति, निजी क्षेत्रको लगानी, उपभोक्ताको सचेत सहभागिता र शैक्षिक संस्थाबाट सुरु हुने अभियानले मात्र यसलाई सफल बनाउन सक्छ ।

*(लेखक नेपाल खुला विश्वविद्यालय, राजनीतिशास्त्रमा एमफिल स्कलर हुन्)*



**तुइनखोलाको पहिरो पन्छाउँदै** | नारायणगढ–मुग्लिन सडकखण्डअन्तर्गत इच्छाकामना–६ तुइनखोला पुलमा खसेको पहिरो डोजरको सहयोगमा पन्छाइँदै । मंगलबार दिउँसो ठूलो पहिरो खसेपछि उक्त सडक पूर्णरूपमा अवरुद्ध छ । *तस्बिरः हीरालाल गुरुङ/रासस*

# फेरियो लोपोन्मुख राउटेको जीवनशैली

**दोधारा चाँदनी (कञ्चनपुर)–** कुनै समय जंगलमा गिठा, तरुल, कन्दमूल आदि आहाराको भरमा जीवन निर्वाह गर्ने राउटेहरू यतिबेला अन्य जातिसँगै समाजमा घुलमिल हुन थालेका छन् । जंगलमा रहँदा काठका सामग्री बनाउन नपाएपछि उनीहरू यतिबेला सरकारले दिने सामाजिक सुरक्षाभत्ताको भरमा जीवन निर्वाह गरिरहेका छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित टुँडिखेलका बडसिंह राउटे आफूहरू समुदायमा हुने हरेक क्रियाकलापमा सहभागी हुन थालेको बताउँछन् । 'सरकारले हामीलाई जंगलबाट बस्तीमा ल्यायो, मासिकरूपमा भत्ता दिने गरेको छ, मेरो सीपअनुसार काम नपाएपछि सरकारले दिने भत्तामा बाच्नुपरेको छ,' उनले भने ।

जंगलमा बस्दा काठबाट विभिन्न सामग्री बनाएर जीविकोपार्जन गर्ने राउटे समुदाय बस्तीमा बस्न थालेपछि जंगलबाट काठ ल्याउन नपाएको उनको भनाइ छ । जंगलबाट फर्किएर अन्य नागरिकजस्तै जीवन बिताउन थाले पनि सीपअनुसारको काम नपाउँदा समस्या भएको उनको गुनासो छ । 'हाम्रा छोराछोरी पढे लेखेका छैनन् । सरकारले रोजगारीको व्यवस्था गरिदिनुपर्थ्यो,' राउटेले भने, 'सरकारले तीन महिनामा चार हजार रूपैयाँका दरले भत्ता दिन्छ । त्यसले मात्रै खाना लाउन खान पुग्दैन ।'



समाजमा अन्य नागरिकसरह जीवन निर्वाह गरिरहेको भए पनि रोजगारीको समस्याका कारण छोरा भारत पसेको यहाँका किरीदेवी राउटेको भनाइ छ । 'हामी समाजमा घुलमिल त भएका छौं तर रोजगारी नहुँदा समस्या भएको छ,' उनले भनिन्, 'भत्ताले दैनिकी चलाउन सकस परेपछि छोरा रोजगारीका लागि भारत गएको छ ।' उनले जंगली जीवनभन्दा समुदायमै राम्रो लाग्ने गरेको बताइन् । 'जंगली जीवन छोडेर अन्य नागरिकजस्तै बस्न थालेका छौं यहीं राम्रो लाग्छ,' उनले भनिन्, 'सरकारले हामीलाई आयआर्जन हुने कुरामा जोडिदिएको भए राम्रो हुन्थ्यो ।'

करिब पाँच लाख जनसंख्या भएको कञ्चनपुरमा तीन परिवारमात्रै राउटे समुदायको बसोबास छ । दार्चुलाको लालीबाट डडेलधुराको जोगबुढाहुँदै कञ्चनपुरको टुँडिखेल बसाइँ सरेका राउटेहरू परम्परागत पेसाको विकल्प खोज्न थालेका छन् ।

'हाम्रो पूर्खाको जस्तो सीपले यहाँ गुजारा गर्न गाह्रो छ । गाउँघरमा पाइयो भने मजदुरीमा जाने गरेका छौं,' अनिता राउटेले भनिन्, 'अहिलेको समय सुहाउँदो सीप सिकाएर सरकारले हामीलाई आत्मनिर्भर बनाउन लाग्नुपर्छ ।' जंगलमा बस्दा काठका भाँडाकुँडा अन्नसँग साटेर गुजारा गरेका राउटे अहिले सरकारले दिएको भत्ताले दैनिक आवश्यक खाद्यान्न खरिद गर्ने गरेका छन् । पछिल्लो समय समुदायमा हरेक चाडपर्वमा राउटेको सहभागिता हुने गरेको छ । *रासस*

# सखिया नृत्य देखाउने समय छोट्टिँदै, मौलिकता हराउने चिन्ता

**कञ्चनपुर–** दसैंका अवसरमा विशेषगरी थारु समुदायमा देखाइने सखिया नृत्य विगतमाझैं लामो समयसम्म आयोजना हुने गरेको छैन । परम्परागतरूपमा कृष्ण जन्माष्टमीदेखि सुरु भएर दसैंको टीकाका दिनसम्म सञ्चालन हुने सखिया नृत्य अहिले पाँचदेखि १० दिनमै सीमित हुन थालेको छ ।

थारु संस्कृतिका जानकार हवलदार चौधरीका अनुसार अघिल्ला पुस्तामा खेतीपातीमै निर्भर जीवनशैली भएकाले दसैंमा लामो फुर्सद पाइन्थ्यो र महिनौं नाच्ने गर्दथे । अहिले अधिकांश युवा व्यावसायिक खेती, व्यापार, नोकरी वा परदेश रोजगारीतर्फ लागेका छन् । त्यसैले गाउँमा नाच्ने युवतीहरूको संख्या घट्दै गएको छ । 'युवा परदेश जाँदै छन्, गीत र मादल सिक्ने परम्परा पनि पुस्तान्तरण हुन सकेको छैन, यसैले सखियाको रौनक घट्दै गएको हो,' उनले भने, 'सखिया नृत्यमा प्रयोग हुने गीत अधिकांशलाई कण्ठ छैनन् भने मादल बजाउने सीपसमेत लोप हुँदै गएको छ, गीत र ताल पुस्तान्तरण हुन नसक्दा मौलिकता हराउँदै गएको छ ।'

यस नृत्यमा सामूहिकताको भावना बलियो हुने भएकाले नयाँ पुस्तालाई संस्कृतिसँग जोड्न आवश्यक रहेको उनको भनाइ रहेको छ । चौधरीका अनुसार सखिया नृत्यमा चार जना मादल बजाउने मदारी हुन्छन् । अगुवा मदारीले ताल थाल्छन् भने पछुवा मदारीले त्यसैमा ताल मिलाउँछन् । महिलाहरूलाई अगुवाइ गर्ने मोह्रिन्याको नेतृत्वमा जेठ गोहीया र पछगोहीया बनेर युवतीहरूले नृत्य गर्छन् ।

नृत्यमा प्रयोग हुने 'पैंया' (खोट) २२ प्रकारसम्म हुने गरेकामा अहिले मदारीहरूले नयाँ शैली सिर्जना गर्दै लयलाई परिमार्जन गरेर नृत्य पस्किने गरेको उनी बताउँछन् ।



थारु संस्कृतिका जानकार चौधरीका अनुसार पैंया मादलको तालसँगै युवतीहरूले खुट्टा र शरीरको मुद्रामा प्रस्तुत गर्ने नृत्यशैली हो । यो नृत्यको आकर्शणका रूपमा रहेको हुन्छ ।

'सखिया नृत्य कृष्णको जन्मदेखि कंश वधसम्मका प्रसंग समेटिएको हुन्छ,' वरघर सुरेस चौधरीले भने, 'दसैंको सप्तमीसम्म रातमा आयोजना हुने यो नृत्य अष्टमीको रातभर नाचिन्छ, जसलाई 'भेडुवा जगैना' भनिन्छ, यस दिन कुभिण्डोको भेडा बनाई बलि दिने परम्परागत चलनसमेत रहेको छ ।'

नृत्यका सहभागी युवतीहरूले रंगीन ऐना जडित लुगाहरू लगाउँछन् भने मदारीले सेतो धोती-कमिज धारण गर्छन् । हातमा मैजरी लिएर तालमा बजाउने महिलाहरूको सहभागिता यसलाई अझ आकर्षक बनाउने उनी बताउँछन् । सखिया नृत्य नवमीको दिनदेखि दसैंको दिनसम्म दिउँसो नाच्ने गरिन्छ ।

थारु बुद्धिजीवी धनबहादुर चौधरीका अनुसार नयाँ पुस्ताले परिवर्तन खोजेकाले पनि नृत्यप्रति चासो कम देखिँदै गएको छ । 'समयअनुसार सखिया नृत्यलाई ढाल्न आवश्यक देखिएको छ, संस्कृति र पर्यटनसँग जोड्न सके यसले भविष्यमा पनि महत्त्व पाउँछ,' उनले भने ।

सखिया नृत्य गाउँगाउँमा धनी-गरिब सबैका घरमा देखाइने भएकाले सामाजिक सद्भाव र मेलमिलाप कायम गर्ने माध्यमका रूपमा रहेको उनले बताए । दसैंपछि नृत्यमा सहभागीलाई सामूहिक भोज (ख्यारा खाने) गर्ने परम्परा थारु समुदायमा रहेको छ ।

संयुक्त परिवारको संरचना भंग हुँदै एकल परिवार बढ्नु, गाउँबाट रोजगारीका लागि बाहिरिने बाध्यता र खर्चिलो परम्परा सखिया नृत्य छोटिने प्रमुख कारण बनेको उनको बुझाइरहेको छ । तर यसलाई संरक्षण र पर्यटनसँग जोड्न सके मौलिक संस्कृति जगेर्ना हुने उनको विश्वास छ । *रासस*

# यी हुन् मुग्लिन-नारायणगढको विकल्पमा प्रयोग गर्न सकिने सडक

■ **प्रभाव संवाददाता**

**दमौली (तनहुँ)–** मुग्लिन-नारायणगढ सडकखण्डअन्तर्गत तुइनखोलामा पहिरो खस्दा केही दिनयता दैनिकजसो सर्वसाधारणले सास्ती भोगिरहेका छन् ।

पहिरो हटाउँदै राजमार्गमा यातायात सञ्चालन गरिए पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने क्रम रोकिएको छैन । निरन्तर ढुंगा खसिरहेकाले सडकमा नियमित यातायात सञ्चालन गराउन समस्या भइरहेको छ । दसैंको समयमा पहिरोले बाटो बन्द हुँदा सर्वसाधारण मारेमा परेका छन् ।

मुग्लिन-नारायणगढ सडकको विकल्पमा तनहुँको खैरेनीटार हुँदै डेढगाउँ निस्कने मार्ग प्रयोग गर्न सकिन्छ । यो सडकलाई गण्डकी प्रदेश सरकारले गौरवको योजनाको रूपमा राखेको छ । मुस्ताङदेखि तराइ जोड्ने गरी यो सडक प्रदेश सरकारले निर्माण गरिरहेको छ ।

साना सवारीसाधनका लागि यो सडक उपयुक्त छ । त्यसका लागि दमौली-खैरेनीटारबाट बायाँतर्फबाट भीमाद-मानपुर हुँदै डेढगाउँ-वुलिङटार-ढोडेनी-गैंडाकोट पुग्न सकिने यो बाटो प्रयोग गरिसकेका प्रकाशचन्द्र भट्टराईले जानकारी दिए ।



मुग्लिनदेखि खैरनीटारसम्म ७० किलोमिटर दूरी छ । खैरेनीटार-भीमाद कालोपत्र सडक सात किलोमिटर र भीमाद-मानपुर कच्चीसडक ३५ किलोमिटर छ । मानपुर-डेढगाउँ कालोपत्रे (४० किलोमिटर), डेढगाउँदेखि नारायणगढ ७० किलोमिटर रहेको छ ।

मोटरसाइकल चालकले दमौलीबाट केशवटार सुखौरा हुस्लाङ धरमपानीहुँदै घुमाउने झोलुंगे पुल तरेर मुग्लिन-नारायण सडकखण्ड निस्किएर यात्रा गर्न सक्ने धरमपानीका स्थानीय विजय रानाको भनाइ छ । मुग्लिनको बाटो अवरुद्ध भएपछि केही मोटरसाइकल चालकले यही बाटो प्रयोग गरिरहेको उनले बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मितिः २०७७/०४/१६ मा दर्ता भएको **क्वलिटी अनलाईन स्टोर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २३९४०७)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मितिः २०७५/०९/१८ मा दर्ता भएको **उज्यालो डेभलपर्स प्राइभेट लिमिटेड (प्रा.लि.नं. १९५३३४)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मितिः २०६८/१०/२५ मा दर्ता भएको **रेडियो सौरभ प्राइभेट लिमिटेड** (प्रा.लि.नं. ९०४८६) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मितिः २०७५/०९/१८ मा दर्ता भएको **राजविराज ऐचभर्स कन्सल्टिंग सर्भिसेज स्टोर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २०५८३८)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अमाहिवेल्हा सुनसरी**
**कोशी प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपूती गर्ने सम्बन्धी सूचना !!

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०९)**

प्रस्तुत विषयमा यस कार्यालयको लागि देहाय बमोजिमको पदको लागि सेवा करारमा कर्मचारी आवश्यक परेको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले तोकिएको समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | जनस्वास्थ्य अधिकृत (सातौ तह ) | १ | १. मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक (BPH) वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यावसायी परिषदमा दर्ता तथा नविकरण भएको । |
| २ | ०२-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (महिलालाई प्राथमिकता) | १. कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको । वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>२. मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>३. सम्बन्धी स्थानिय तहको आवेदकहरूलाइ प्राथमित्ता दिइने छ । |

१. कार्य अवधि : हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।
२. परिक्षाको किसिम : लिखित, अन्तरवार्ता (जनस्वास्थ्य अधिकृतको हकमा) ।
लिखित, अन्तवार्ता र प्रयोगात्मक (मनोसामाजिक परामर्शकर्ताको हकमा) ।
३. परिक्षा दस्दुर :- जनस्वास्थ्य अधिकृतको लागि रू १०००/- मनोसामाजिक परामर्शकर्ताको लागि रू. ५००/-
४. तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार ।
५. उमेर : १८ बर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
६. आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरूको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रूपमा खुलाई हस्तलिखित निवेदन सहित बर्जु गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
७. छनौट प्रक्रिया : प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरूलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।
८. दरखास्तको लागि :- स्वास्थ्य शाखा, बर्जु गाउँपालिकाको कार्यालय सम्पर्क गर्नुहुन ।
९. दरखास्त दिने अन्तिम मिति : २०८२/०६/२८ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
१०. पाठ्यक्रम :- कार्यालयको Website: www.barjumun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
११. परिक्षा हुने मिति तथा अन्य जानकारी :- कार्यालयको Website: www.barjumun.gov.np मा प्रकाशन गरिने छ ।

**पदपुर्ती समिति**
**बर्जु गाउँपालिका, सुनसरी**



**कुवेतमा रोजगार** — कम्पनी : UNITED ENGINEERING SERVICES COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331451 | चलानी नं. ६०२४५२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPERS FOR OUTDOOR | 50 | 0 | 95 | ४४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १६ गते (2nd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक

बिहीबार, ०९ असोज २०८२ (Thursday, 25 September 2025)

## रूपशाला

### फर्स्टलुकमा 'मन बिनाको धन'

टंक बुढाथोकीको निर्माण तथा निर्देशन रहेको फिल्म 'मन बिनाको धन'को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । निर्माण युनिटले सार्वजनिक गरेको पोस्टरमा फिल्मका मुख्य कलाकार अशोक दर्जीलाई मात्र देखाइएको छ । पोस्टरमा अशोक विद्यालय पोसाकमा छन् । पोस्टरमा 'कथा जिरोदेखि हिरोसम्म' ट्यागलाइन राखिएको छ । 'मन बिनाको धन' आगामी कात्तिक २१ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा अशोकका अलावा सरोज खनाल, सन्तोष पन्त, रमा थपलिया, नीता ढुंगाना, भोला सापकोटा, बुद्धि तामाङ, रमेश विश्वकर्मा, रवीन्द्र झालगायतका कलाकारको अभिनय छ ।




**चौथो काब्य म्युजिक अवार्ड- २०८२**

# खनाललाई सर्वोत्कृष्ट अवार्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** गीत संगित र साहित्यको संगम अग्रजलाई सम्मान, अनुजलाई प्रोत्साहन भन्ने मुल नाराका साथ चाबहिल, काठमाडौं स्थित नेपाल चलचित्र बिकाश बोर्डमा काव्य म्युजिक सेन्टर र दक्षिणकाली अफसेट प्रेसको आयोजनामा 'चौथो काव्य म्युजिक अवार्ड-२०८२' सम्पन्न भएको छ ।

यसै क्रममा लोकप्रिय गायक तथा सर्जक मोतिराज खनाल चौंथो काव्य म्युजिक अवार्ड २०८२ को सर्वोत्कृष्ट चाडपर्व तिजगीत अवार्ड बिजेता बनेका छन् । उनलाई यसपालिको तिजगीत छड्के कपाल किन कोरेको तिजगीतले सफलताको शिखरमा पुऱ्याएको हो । छड्के कपाल तिज गीत लोकप्रिय गायक मोतिराज खनालको शब्द संगित र स्वरमा सांगितिक बजारमा छाएको थियो । सो गीत मौलिक हुनुका साथै लोकप्रियता पनि कमाएको थियो ।

त्यसैगरी लोकप्रिय निर्देशक सुरज खनाल पनि चाडपर्व तिजगीत छड्के कपाल बाटै सर्वोत्कृष्ट निर्देशक बिजेता बन्दै अवार्ड हात पारेका छन् । साथै सोही कार्यक्रममा बरिष्ठ गायक घमेश दुलालको गीति संग्रह समुन्द्र पारीको बिमोचन पनि गरिएको थियो ।

उक्त कार्यक्रममा दक्षिणकाली अफसेट प्रेसका अध्यक्ष टपेन्द्र केसीको सभापतित्व रहेको थियो भने नेपाली चलचित्रका अग्रज नायक कृष्ण मल्लको प्रमुख अतिथ्यतामा थियो । कार्यक्रममा स्वागत मन्तब्य अवार्ड संयोजक रमेश श्रेस्ठले गरेका थिए भने कार्यक्रमको सञ्चालन दिपेन्द्र शाहीले गरेका थिए ।

# 'चिराग'को फर्स्टलुक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'चिराग'को फष्टलुक्स सार्वजनिक गरिएको छ । निर्माण टिमले मङ्सिर ५ रिलिज मितितय गर्दै फष्टलुक्स बाहिर ल्याएको हो ।

सार्वजनिक फष्टलुक्समा कलाकार त्यागमूर्ति फिचर्ड छन् । उनी तेस्रोलिंगीको भूमिकामा देखिएका छन् । उनलाई कसैले कुल्चिएको छ । त्यागमूर्ति फिल्मका मुख्य कलाकार हुन् भने फिल्मको लेखन र निर्देशन पनि उनैले गरेका हुन् । फिल्ममा 'आशाको चिराग कहिल्यै निभ्दैन' भन्ने ट्यागलाइन राखिएको छ ।

फिल्ममा त्यागमूर्तिसँगै सुशील पोखेल, प्रज्ञा जोशी, शुभास गजुरेल, दामोदर भण्डारी, शेर बहादुर डिसी, संकला गौतम, नरेश प्रसाद भट्ट, मनोज आचार्य, माधवा खनाल, मिनाक्षी खनाल, बाल कलाकार सागर खरेल लगायतको अभिनय छ ।

फिल्मका निर्माता संकला गौतम, नरेश प्रसाद भट्ट र त्यागमूर्ति हुन् । हरिनन्दा ब्यानरमा निर्माण भएको फिल्ममा समावेश गीतमा दीपक लिम्बू र अस्मिता अधिकारीको स्वर रहेको छ भने पार्श्व सङ्गीत लोकनाथ सापकोटाको छ ।

राहुल राई र मेफुज अन्सारीले खिचेको फिल्मको सम्पादन सुभाष देवकोटाले गरेका छन् । फिल्ममा गीतसंगीत पनि त्यागमूर्तिकै छ ।

# 'सिन्धुली गढी घुमेर हेर्दा' ४६ वर्षपछि रिमेक

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गीत 'सिन्धुली गढी घुमेर हेर्दा'को रिमेक गरिएको छ । २०३६ सालमा रेडियो नेपालमा रेकर्ड भई प्रथम पुरस्कार जित्न सफल भएको गीत 'सिन्धुलीगढी घुमेर हेर्दा'लाई ४६ वर्षपछि नयाँ रूप र स्वरमा पुनः सार्वजनिक गरिएको हो ।

कृष्ण विक्रम थापाको शब्द, संगीत र स्वर रहेको यो कालजयी गीत 'सिन्धुली गढी घुमेर हेर्दा सुन्तलीमई'लाई राजु थापाले रिमेक गरेका हुन् । रि-एरेन्ज रुविन कुमार श्रेष्ठले गरेका छन् ।

राजु स्वर्गीय कृष्ण विक्रम थापाका जेठा छोरा हुन् । यो गीतमा शब्द, संगीत र स्वर कृष्णविक्रम थापाले दिएका थिए ।

यो आम नेपालीको जिब्रोमा झुन्डिएको लोकप्रिय गीत हो । सिन्धुलीको ऐतिहासिक र सांगीतिक पहिचान बोकेको यस गीतको भिडियो छायांकन पनि सिन्धुली जिल्लाकै रमणीय स्थानहरूमा गरिएको हो ।



भिडियोमा रमेश विश्वकर्मा र दीप्सा कार्की मुख्य भूमिका छ । पवन केसी, सत्य देवी, पवित्रा रम्तेल तथा काजी थापा पनि भिडियोमा देखिएका छन् ।

बासु बरालको सिनेमेटोग्राफी रहेको भिडियो निर्देशन क्रान्ति केसीले गरेका छन् । गीत म्युजिक नेपालको युट्युब च्यानलमा सुन्न सकिन्छ ।

चार दशकभन्दा लामो अन्तरालपछि पुनर्जीवित यस गीतले नयाँ पुस्तालाई सिन्धुलीको सांगीतिक धरोहरसँग फेरि नजिक ल्याउने अपेक्षा गरिएको छ ।

# गुलाम अलिको गजलमा दिपक र वर्षाको अभिनय

■ प्रभाव संवाददाता



**काठमाडौं–** विश्व चर्चित गजलकार गुलाम अलिका खानका तीन पुस्ता उस्ताज गुलान अलि खान, छोरा आमीर गुलान अलि खान र नाती नाजीर आमिर गुलाम अलि खानको स्वर रहेको नेपाली गजल गीत 'गजल उकै गति उनकै'सार्वजनिक गरिएको छ । मंगलबार साँझ कमलपोखरीस्थित बिग मुभिजमा आयोजित एक कार्यक्रममा गीत भिडियो सहित सार्वजनिक गरिएको हो ।

मनोज खड्काको शब्द रहेको गीतमा संगीत मिलन मोक्तानले दिएका छन् । गीतको एरेन्ज किरण खरेलले गरेका हुन् । गीतमा अन्तराष्ट्रिय नेपाली मोडल दिपक घिमिरे र बर्षा कुवँर (मिसेस ब्युटिक्वीन नेपाल २०२५'को अभिनय छ ।

केही अगाडि एक सांगीतिक कार्यक्रममा नेपाल आएका गुलाम अलिले नेपाली आफ्ना नेपाली श्रोता तथा दर्शकका लागि यो गीत दिएको कार्यक्रममा संगीतकार मिन मोक्तानले बताए ।

गीतले एक ब्यक्तिले आफुलाई मनपरेको केहीको बिषयमा आफ्नो मनमा उब्जिएको भावना ब्यक्त गरेका छन् । भिडियो पनि त्यस्तै कथा बुनिएको छ । जसमा रोमान्टिक जोडीको रुमा दिपक र बर्षा प्रूतुत भएका छन् ।

मिलन मोक्ताङको निर्देशन रहेको भिडियोमा सुवास लोकेन्द्रको छायाँकन र अर्जुन खड्काको सम्पादन छ ।

## रंगशाला

# एसियाली एक्वेटिक्सका लागि भारत जाँदै नेपाली टिम



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली एक्वेटिक्स च्याम्पियनसिपको ११औँ संस्करणमा सहभागी हुन १६ खेलाडीसहित २३ सदस्यीय नेपाली पौडी टोली भारतको अहमदाबाद जाने भएको छ ।

यही असोज १२ गतेदेखि २५ गतेसम्म हुने उक्त प्रतियोगितामा ११ पुरुष र पाँच महिला खेलाडीले नेपालको तर्फबाट चुनौती प्रस्तुत गर्नेछन् । पुरुषमा अविर प्रधान, आरोन भण्डारी, असिम भण्डारी, कल्किन श्रेष्ठ, अल्भिन महर्जन, अभिभ प्रधान, रेवन्तबहादुर श्रेष्ठ, जाडेन श्रेष्ठ, निर्णय थापा, अथर्व सिंह र वसिष्ठराज शाहीले प्रतिस्पर्धा गर्नेछन् । महिलामा आर्या महर्जन, टिशा महर्जन, अदिप्शा वैद्य, श्रेणु महर्जन र भैनवी श्रेष्ठले खेल्नेछन् ।

प्रशिक्षकमा शंकर कार्की, अफिसियलमा दीपकसागर सिंह महर्जन, नविना श्रेष्ठ, सुमन महर्जन र इन्द्रजित राजभण्डारी तथा निर्णायकमा विष्णु खड्का क्षेत्री र अनिश महर्जन रहेका छन् ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ र नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठले आयोजित एक कार्यक्रममा सबै खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरे । नेपाली टोली यही असोज १० गते भारततर्फ प्रस्थान गर्नेछन् ।

**मलेसियन सुपर वुमन शृंखला**

# पूजाको अलराउन्ड प्रदर्शनसँगै साउथर्न जागुअर्सको विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** पूजा महतोको अलराउन्ड प्रर्दशनमा साउथर्न जागुअर्सले मलेसियन सुपर वुमन शृंखलाको आफ्नो पहिलो खेलमा इस्टर्न लायनेसलाई तीन विकेटले पराजित गरेको छ ।

लायनेसले प्रस्तुत गरेको ७४ रनको लक्ष्य जागुअर्सले १८ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो । जागुअर्सका लागि पूजाले सर्वाधिक १४ रन बनाइन् । त्यस्तै कप्तान नुर दानियाले १३, रुविना क्षेत्रीले सात र सोमु विष्टले अविजित दुई रन जोडे ।

लायनेसका कविता जोशीले तीन तथा कोरानित सुवान्चोनराथीले दुई विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको लायनेसले २० ओभरमा ९ विकेट गुमाएर ७३ रनको योगफल तयार पारेको थियो । लायनेसका लागि मास एलिसाले १९ तथा कविता जोशीले १७ रन बनाए ।

जागुअर्सका पूजा महतोले तीन तथा रुबिना क्षेत्री, सोमु विष्ट र नुर दानियाले समान विकेट लिए ।

# आइसिसीको निलम्बनमा अमेरिकी क्रिकेट बोर्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकी क्रिकेट बोर्ड अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को निलम्बनमा पारेको छ । बारम्बार विधानअनुसारका दायित्व पूरा नगरेको भन्दै आइसिसी बोर्ड बैठकलले अमेरिकाको सदस्यता खारेज गरेको हो ।

संघले शासन संरचना सुधार नगरेको, अमेरिकाको ओलम्पिक तथा पारा-ओलम्पिक समितिसँग राष्ट्रिय निकायको मान्यता लिन चासो नदेखाएको र विभिन्न गतिविधिले विश्व क्रिकेटमै बदनाम पारेको आरोप आइसिसीले लगाएको छ ।

क्रिकेट बोर्ड निलम्बन भए पनि अमेरिकी राष्ट्रिय टोलीले भने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउनेछ । तर टोलीका व्यवस्थापन अब अस्थायी रूपमा आइसिसी वा त्यसका प्रतिनिधिले गर्नेछन् ।

आइसीसीले 'नर्मलाइजेसन कमिटी' गठन गरी अमेरिकी क्रिकेटलाई आवश्यक सुधारका कदम चाल्न निर्देशन दिने र प्रगतिलाई अनुगमन गर्ने जनाएको छ ।

यसअघि २०२४ को वार्षिक साधारण सभामा अमेरिकी क्रिकेटलाई 'अन नोटिस' मा राखिएको थियो तर निर्देशन अनुसारका सुधार नगरेकाले अहिले सदस्यबाट हटाइएको हो ।

यसअघि आइसिसीले सन् २०१६ देखि २०१९ सम्म नेपाल क्रिकेट संघ (क्यान) लाई पनि निलम्बन गरेको थियो । त्यतीबेला क्यान निलम्बनमा परे पनि नेपाली टोलीले भने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको थियो ।



इण्डोनेसियाको जकार्तामा राष्ट्रिय किसान दिवसको अवसरमा आयोजित प्रदर्शनमा धानको बालाले सजाइएको टोपी लगाएर सहभागी एक किसान । *तस्विरः एएफपी*

# संयुक्त राष्ट्रसंघमा बहुपक्षवादको समर्थन

**संयुक्त राष्ट्रसंघ–** फ्रान्सदेखि दक्षिण कोरिया, दक्षिण अफ्रिकादेखि सुरिनामसम्मका नेताहरूले मंगलबार संयुक्त राष्ट्रसंघ (युएन) का महासचिव एन्टोनियो गुटेर्रेसको युद्ध, गरिबी र जलवायु अराजकताजस्ता वैश्विक चुनौतीहरूलाई मिलेर सम्बोधन गर्ने आह्वानलाई समर्थन गरेका छन् । तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो 'अमेरिका फर्स्ट' एजेण्डा जोडका साथ प्रस्तुत गरे ।

गुटेर्रेसले महासभाको वार्षिक अधिवेशन उद्घाटन गर्दै युद्धभन्दा शान्ति, अराजकताभन्दा कानुन र आत्महितभन्दा सहकार्यलाई रोज्न नेताहरूलाई आग्रह गरे । उनले बढ्दो बहुध्रुवीय विश्वमा चीन र भारतजस्ता शक्तिहरूको उदयलाई स्वीकार गर्दै प्रभावकारी सहयोग र संस्थागत संरचनाविना अराजकता बढ्ने चेतावनी दिए ।

## नेताहरूको चेतावनी र समर्थन

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले द्वितीय विश्वयुद्धपछि बनेको युएन ८० वर्षपछि 'विभाजनका कारण कमजोर बन्दै गएको' बताए । उनले भने, 'जटिल संसारले युएनका शान्ति, न्याय र मानवअधिकारका आधारभूत सिद्धान्तलाई समर्थन नगर्ने कारण बन्नु हुँदैन ।'

सुरिनामकी राष्ट्रपति



जेनिफर गेरलिंस-साइमन्सले बहुपक्षवादलाई 'मानवताको महान उपलब्धि' भन्दै यसको सुरक्षा आवश्यक ठहर गरे । दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले युएन सदस्यता साझा मानवताको प्रतीक भएको बताए । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले भने, 'समयजति कठिन हुन्छ, त्यति नै हामीले युएनको आधारभूत भावनामा फर्कनुपर्छ ।'

## ट्रम्पको अमेरिका फर्स्ट

तर दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि महासभामा पहिलो सम्बोधन गर्दै ट्रम्पले कुनै सम्झौता नगरी 'अमेरिका फर्स्ट' भाषण दिए । उनले अमेरिकालाई 'सबैभन्दा बलियो सीमा, सेना, मित्रता र भावना भएको राष्ट्र' भन्दै 'यो अमेरिकाको स्वर्ण युग हो' भनी दाबी गरे ।

ट्रम्पले युएनलाई असक्षम संस्था भन्दै आलोचना गरे र एस्केलेटर बिग्रिनु तथा टेलिप्रोम्प्टर नचालिनुजस्ता घटनामासमेत दोषारोपण गरे ।

युएनले ती समस्याको जिम्मा अन्य पक्षमा लगाएको थियो । तर गुटेर्रेससँगको भेटमा उनको स्वर नरम हुँदै 'अमेरिका युएनको सतप्रतिशत पछि छ' भने ।

## विश्वका द्वन्द्व र ट्रम्पको धारणा

महासभासँगै सुरक्षा परिषद्ले युक्रेन र गाजाको युद्धबारे आपत्कालीन बैठक गर्‍यो । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई भेटेपछि ट्रम्पले सामाजिक सञ्जालमा 'युक्रेनले रुससँग गुमाएका सबै भूभाग पुनः पाउन सक्छ' भने । यद्यपि, उनले पहिले क्षेत्रीय सम्झौता गर्नुपर्ने धारणा राखेका थिए ।

गाजामा बैठकले अमेरिकाको अलगावलाई झल्कायो । अधिकांश राष्ट्रहरूले युद्धविराम र मानवीय सहायता मागे पनि नयाँ अमेरिकी राजदूत माइक वाल्ट्जले बैठकलाई 'छल' भने ।

## मध्यपूर्वमा मतभेद

जोर्डनका राजा अब्दुल्लाह द्वितीयले इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको सरकार शान्तिका लागि इच्छुक नभएको आरोप लगाउँदै प्यालेस्टिनीहरूको स्वतन्त्र राज्यको अधिकार निर्विवाद भएको बताए । फ्रान्सले प्यालेस्टिनी राज्यलाई मान्यता दिने अभियानको नेतृत्व गरेपछि अमेरिकासहितका शक्तिहरूबीच अझै गहिरो विभाजन देखिएको छ ।

## आर्थिक संकटमा युएन

युएनमा बजेटीय संकट पनि चर्किएको छ । अमेरिकासहित केही राष्ट्रले कोष फिर्ता लिएपछि मानवीय सहायता अपुरो भएको गुटेर्रेसले 'धेरैका लागि मृत्युदण्डसरह' भने ।

मानवतावादी प्रमुख टम फ्लेचरले ११ करोडभन्दा बढी मानिसलाई सहयोगका लागि मागिएको नौ अर्ब डलरमध्ये अहिलेसम्म १९ प्रतिशतमात्र वित्तपोषण भएको बताए । यसैबीच, गुटेर्रेस र ट्रम्पबीच संवादलाई फ्लेचरले 'सकारात्मक र आवश्यक कूटनीतिक संवाद' भनेका छन् । *रासस/एपी*

# सुपर टाइफुन रागासाले ताइवानमा ताल फुट्दा १४ को मृत्यु, हङकङ-दक्षिण चीनमा प्रहार

**हङकङ–** सुपर टाइफुन रागासाले ताइवानमा दशकौं पुरानो ताल फुट्दा कम्तीमा १४ जनाको ज्यान जानुका साथै १८ जना घाइते भएका छन् । आँधी दक्षिण चीनतर्फ प्रवेश गर्दा बुधबार हङकङ भीषण हावा, मुसलधारे वर्षा र उच्च समुद्री लहरले प्रभावित भयो ।

हङकङमा धेरै ठाउँमा रूख ढले, बाढी आयो र एक उच्चस्तरीय होटलको काँचको ढोका फुटेर लबीमा पानी पस्यो । सहर अझै आँधीबेहरीस्तरको हावाबाट प्रभावित हुने पूर्वानुमान हङकङ अब्जर्भेटरले जनाएको छ । तटीय क्षेत्रमा पानी सामान्यस्तरभन्दा तीन मिटरभन्दा माथि पुगेको छ ।

मकाउको क्यासिनो क्षेत्रमा पनि व्यापक बाढी देखिएपछि केही क्षेत्रमा बिजुली आपूर्ति काटिएको छ । उत्तरी फिलिपिन्समा रागासाले



दुई जनाको मृत्यु भइसकेको छ । चीनको आपत्कालीन व्यवस्थापन मन्त्रालयले टाइफुन गुआङडोङ प्रान्तको झुहाइ र झानजियाङबीच बुधबार दिउँसो अवतरण गर्ने जनाएको छ ।

चीनका दक्षिणी कम्तीमा १० सहरमा विद्यालय र व्यवसाय बन्द गरिएका छन् । लाखौं मानिस प्रभावित भएका छन् । याङजियाङ सहरमा सडकहरू खाली देखिए भने रेल सेवा स्थगित गरिएको छ ।

## हङकङमा क्षति र तयारी

सामाजिक सञ्जालमा प्रमाणित तस्बिरहरूअनुसार धेरै जिल्लामा बाढी आएको छ । ओसन पार्क नजिकैको होटलमा आँधीले काँच फोड्दा पानी पसेको छ । पैदल पुलको टुप्पो भाँच्चिएको र अग्ला भवनहरू हावाले हल्लिएका थिए । ५० अस्थायी आश्रयमा ७६० जनाभन्दा बढी शरण लिएका छन् । रेल सेवा खुला खण्डमा बन्द गरिएको छ भने भूमिगत खण्डमा सीमित सञ्चालन भइरहेको छ । विमानस्थलमा सयौं उडान रद्द भएका छन्, कार्गो उडानहरू मात्रै सञ्चालनमा छन् ।

मंगलबार चाई वान जिल्लामा छाल हेरिरहेका पाँच वर्षीय बालक र उनकी आमा समुद्रमा खसेपछि गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको छ । उनीहरूलाई बचाउन दौडिएका ४० वर्षीय बुबा पनि अस्पतालमा भर्ना भएका छन् । गभर्नर र अधिकारीहरूले भारी वर्षाले थप क्षति गर्न सक्ने भन्दै सतर्कता अपनाउन आग्रह गरेका छन् । *रासस/एएफपी*

# बढ्दो मूल्यवृद्धिले अस्ट्रेलियामा जनजीवन प्रभावित

**क्यानबेरा–** अस्ट्रेलियामा वार्षिक मुद्रास्फीति दर चालु वर्षको अगस्ट महिनामा बढेर तीन प्रतिशत पुगेको छ, जुन पछिल्लो १३ महिनामै सबैभन्दा उच्च दर हो । यो वृद्धि महँगीको चपेटामा परिरहेको आम जनजीवनका लागि थप दबाबको संकेत हो ।

अस्ट्रेलियाको तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको विवरणअनुसार उपभोक्ता मूल्य सूचकांक पछिल्ला १२ महिनामा तीन प्रतिशतले बढेको छ, जुन अघिल्लो महिना अगस्टमा २.८ प्रतिशत र जुलाईमा १.९ प्रतिशत मात्र थियो ।

यो वृद्धिदर सन् २०२४ सालको अगस्ट महिनापछिको सबैभन्दा उच्च दर हो, जब महँगी दर ३.५ प्रतिशत पुगेको थियो । तथ्यांक कार्यालयका अनुसार महँगी बढ्नुमा मुख्य योगदान आवास खर्चमा ४.५ प्रतिशत वृद्धि, खाद्य र नरम पेय पदार्थमा तीन प्रतिशत वृद्धि तथा चुरोटमा छ प्रतिशत वृद्धि रहेको छ ।

बिजुली महसुल भने झनै बढी २४.६ प्रतिशतले बढेको छ । सरकारी राहत योजना समाप्त भएपछि यो वृद्धिदर देखिएको हो । राहतको प्रभाव हटाएर हेर्दा बिजुलीको मूल्यवृद्धि ५.९ प्रतिशतमात्र रहेको कार्यालयले जनाएको छ । राष्ट्रिय बैंकले प्राथमिकता दिने आधारभूत महँगी दर अगस्ट महिनामा २.६ प्रतिशत रहेको छ, जुन अघिल्लो महिनाको तुलनामा ०.१ प्रतिशतले घटेको हो ।

अस्ट्रेलियाको मौद्रिक नीति समितिले अगस्टमै सार्वजनिक गरेको अनुमानअनुसार हालको आधा वर्षमा महँगीदर तीन प्रतिशतभन्दा माथि पुग्ने छ र मात्र २०२७ सालको मध्यतिर दुईदेखि तीन प्रतिशतको लक्ष्यभित्र फर्किने छ । त्यसैगरी आधारभूत महँगीदर भने २०२६ र २०२७ सालभर स्थिर रहने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाकी पूर्वप्रथम महिला किम केओन हीमाथि आपराधिक मुद्दा

**सियोल–** दक्षिण कोरियाले बुधबार महाभियोगमा परेका पूर्वराष्ट्रपति युन सुक येओलकी पत्नी किम केओन हीविरुद्ध आपराधिक मुद्दा दायर गरेको छ । मार्सल लमार्फत पतिलाई पदबाट हटाइएपछि पहिलोपटक पूर्वप्रथम महिलाले अदालतमा मुद्दाको सामना गरेका हुन् ।

किमलाई गत अगस्टमा स्टक हेरफेर र भ्रष्टाचारलगायतका आरोपमा पक्राउ गरिएको थियो । उनी गार्डहरूको बीचमा सियोल केन्द्रीय जिल्ला अदालतमा उपस्थित भए । गाढा सूटमा, कपाल पछाडि बाँधिएको, छातीमा कैदी नम्बर ४३९८ लेखिएको ब्याजसहित उनी अदालतमा देखिए ।

पहिचान र पेसा पुष्टि गर्ने क्रममा उनले संक्षिप्त जवाफ दिए, 'म बेरोजगार छु ।' उनले जन्म मिति दिए पनि जुरी ट्रायलको अनुरोध अस्वीकार गरे । यो मुद्दाले दक्षिण कोरियामा पहिलोपटक पूर्वराष्ट्रपति र पूर्वप्रथम महिलालाई एकैसाथ आपराधिक कारबाहीमा ल्याएको हो । विशेषगरी स्टक हेरफेरमा संलग्नता र सन् २०२२ मा वामपन्थी पादरीसँग डायर ह्याण्डब्याग लिएको विवादपछि किम लामो समयदेखि अनुसन्धानको दायरामा छन् ।

उनीमाथि युनको पार्टीको सांसद चयन प्रक्रियामा हस्तक्षेप गरेको र निर्वाचन कानुन उल्लंघन गरेको आरोपसमेत छ । कानुनी विज्ञहरूका अनुसार यो मुद्दाले दुवैलाई संसदीय चुनावमा प्रभाव पार्ने भूमिकाका लागि जवाफदेही बनाउन सक्छ ।

राष्ट्रपतिको हैसियतमा युनले संसद्ले पारित गरेका किमविरुद्धका तीन विशेष अनुसन्धान विधेयकलाई भिटो गरेका थिए । अन्तिम भिटो नोभेम्बरमा जारी गरेपछि एक सातामै उनले मार्सल ल घोषणा गरेका थिए । *रासस/एएफपी*

**चामे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चामे, मनाङ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना**


**सूचना प्रकाशित मितिः २०८२/०६/०९**

यस कार्यालयवाट मिति २०८२/०५/०६ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्वन्धी सूचना बमोजिम बोलपत्र आव्हान भई तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रको मुल्याङ्कन हुँदा न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई मुल्याङ्कन समितिवाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबै बोलपत्रदाताको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | योजना विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कवोल रकम रु. (मु.अु.कर वाहेक) |
|---|---|---|---|---|
| १ | CRM-Works/01/082/083 | Construction Of Truss For Chharthang Waste Collection Center | Kumari Construction And Suppliers, Rolpa | २१,१७,९१५.४९ |

प्रमुख प्रशासकीय अधिकृत

**हार्दिक श्रद्धाञ्जली**



**जन्मः**
वि.सं. २०००/०८/२२
सुनसरी

**स्वर्गारोहणः**
वि.सं. २०८२/०६/०७
ठिमी नपा-२, भक्तपुर

**स्व. भद्रलाल आचार्य**

मिति २०८२ असोज ७ गतेका दिन स्वर्गारोहण हुनुभएका हाम्रा पूज्यनीय पिता **भद्रलाल आचार्य**प्रति परिवारको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिर शान्तिका लागि प्रार्थना गर्दछौं । साथै, यस दुःखद घडीमा हाम्रो परिवारजनलाई समवेदना प्रकट गर्नुहुने सबैप्रति कृतज्ञता प्रकट गर्दछौं ।

**छोराहरूः** कमल प्रसाद आचार्य, विमल आचार्य
**बुहारीहरूः** विनिता आचार्य, अनु आचार्य
**छोरीहरूः** चन्द्रकला देवी आचार्य, शुभद्रा आचार्य
**ज्वाइँहरूः** हरिप्रसाद पोखरेल र देवराज मिश्र

**साउदीमा रोजगार** कम्पनी : **INDAA LAFI SUNT AL RASHIDI CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331497 | चलानी नं. ६०२४५२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1200 | ४५,४१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २२३००० | प्रति तोला - ० | प्रति तोला - २७०० |

# पुनर्निर्माण कोषबाट सहुलितपूर्ण कर्जाका लागि नौ अर्ब निकासा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकारको पुनर्निर्माण कोषमा बचत रहेको रु एक खर्ब २१ अर्ब रकमबाट सहुलियतपूर्ण कर्जाको बक्यौताबापत रु नौ अर्बभन्दा बढी रकम शोधभर्नाका लागि निकासा भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले कोषको सहुलियतपूर्ण कर्जाको बक्यौताबापत रु नौ अर्बभन्दा बढी रकम शोधभर्नाका लागि निकासा भइसकेको जानकारी दिए । 'नेपाल आर्थिक पत्रकार संघद्वारा आयोजित अर्थतन्त्र पुनरुत्थानको आगामी योजना' विषयक अन्तरक्रियामा उनले क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई चाहिने आयातमा भन्सार छुट दिने निर्णय गरिएको बताए ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले मुलुकमा औद्योगिक विकासका लागि निजी क्षेत्रलाई सहुलियतपूर्ण दरमा कर्जा प्रवाह गर्नुपर्ने बताए । उनले अहिले निजी क्षेत्रमा भौतिक क्षतिका साथै असुरक्षा महसुस भइरहेकाले उनीहरूलाई विश्वस्त पार्न कम ब्याजमा ऋण उपलब्ध गराउनुपर्ने धारणा व्यक्त गरे ।



कानुनी जटिलता अन्त्य गर्न अध्यादेशमार्फत आवश्यक कानुन ल्याउनुपर्नेमा जोड दिँदै सचिव घिमिरेले निजी क्षेत्रका सबै उद्योगी व्यवसायीले सुशासन र पारदर्शिता कायम गर्न सहयोग गर्नुपर्ने विचार व्यक्त गरे ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले आन्दोलनपछि डर र आशा दुवै रहेको बताउँदै अबको पुनःनिर्माणमा भौतिक र आर्थिक पुनरुत्थान आवश्यक रहेको बताए । अर्थतन्त्रका अधिकांश सूचक राम्रो अवस्थामा रहेकाले अब निजी क्षेत्रको विश्वास जितेर नै अर्थतन्त्रको पुनरुत्थान हुनसक्ने धारणा व्यक्त गर्दै उनले जेनजी आन्दोलनपछि केन्द्रीय सरकारसँग बढी अपेक्षा गरिएको भए पनि प्रदेश र स्थानीय तहमार्फत पनि धेरै विषय समस्या समाधान गर्न सकिने र युवालाई शिक्षा सीपसहित आर्थिक क्षेत्रसँग जोडर कार्यक्रम बनाउनुपर्नेमा जोड दिए ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. रामशरण खरेलले लगानी योग्य रकम करिब रु आठ खर्ब रहेको तथा ब्याजदर सहज अवस्थामा रहेको अवस्थामा भौतिक संरचनाको पुनर्निर्माण सहज हुने बताउँदै क्षतिपछिको समग्र अवस्था हेर्दा लक्षित सीमाभन्दा माथि मूल्यवृद्धि नहुने बताए ।

'रेमिट्यान्स' बढ्दै गएकाले विदेशी मुद्रा सञ्चिति पर्याप्त रहेको तथा वित्तीय स्थिति सहज भएकाले चालु आर्थिक वर्षमा छ । प्रतिशतसम्मको आर्थिक वृद्धिदर हासिल गर्न समस्या नरहेको उल्लेख गर्दै डा. खरेलले सरकारी र निजी क्षेत्रको सहयोग, सहकार्य र समन्वयमा पुनर्निर्माण प्रक्रिया अघि बढाउनुपर्ने धारणा व्यक्त गरे ।

## सार्वजनिकस्थलमा निःशुल्क वाइफाइ विस्तार गर्न जुट्यो प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौँसहित देशका विभिन्न दश सहरमा निःशुल्क वाइफाइ उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरण तयारीमा जुटेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पदबहालीका अवसरमा गरेको पहिलो निर्णय कार्यान्वयनका लागि प्राधिकरण जुटेको हो । काठमाडौंमा दुई महिनाभित्र र देशभरका दश सहरमा पाँच महिनाभित्र निःशुल्क वाइफाइ विस्तार गर्न सेवा प्रदायकहरूसँग छलफल गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका उपनिर्देशक एवं सहायक प्रवक्ता प्रदीप पौड्यालले मन्त्रीको निर्देशनलाई निर्धारित समयभित्र कार्यान्वयन गर्न आवश्यक रणनीति बनाउन थालिएको बताए । इन्टरनेट सेवाप्रदायकमार्फत निःशुल्क वाइफाइ विस्तार गरिने भएकाले उनीहरूसँगको छलफलबाट प्राप्त प्रतिक्रिया र सुझावपछि थप काम अघि बढाइने उनले उल्लेख गरे ।

सहायक प्रवक्ता पौड्यालका अनुसार निःशुल्क वाइफाइका लागि नयाँ स्थानको चयन, उपलब्ध भइरहेका स्थानमा गुणस्तरीयता बढाउने, डेटा सुरक्षा, डेटा कति मात्रामा कति समयसम्म निशुल्क उपलब्ध गराउनेलगायत विषय समटेर रणनीति बनाइनेछ ।

'लागतको हकमा अलिकति समस्या हुनसक्छ । हाम्रो बजेट पहिला नै स्वीकृत भइसकेको छ । अहिले नयाँ कार्यक्रम ल्याएर तत्काल कार्यान्वयन गर्नुपर्ने भएकाले कार्यान्वयन 'मोडालिटी' कस्तो बनाउने भन्ने विषयमा छलफलको चरणमा छौँ', उनले भने, 'सेवा प्रदायकबाट कस्तो प्रतिक्रिया आउँछ, त्यो बुझेर कार्यान्वयनका लागि रणनीति बनाएर अघि बढ्छौं ।' प्राधिकरणले वाइफाइ 'हटस्पट' सञ्चालनसम्बन्धी विनियमावली, २०७५ अनुसार उक्त रणनीति बनाएर कार्यान्वयन गर्ने जनाएको छ ।

## क्षतिग्रस्त आन्तरिक राजस्व कार्यालयमा अर्थमन्त्री खनाल

**विराटनगर (प्रस)–** अर्थमन्त्री रामेश्वर खनालले आर्थिक मितव्ययिता सम्बन्धित मन्त्रिपरिषद् बैठकद्वारा गरिएका निर्णय सबै क्षेत्रमा लागू हुने जानकारी दिएका छन् । मन्त्रिपरिषद्ले यही असोज ५ गते आर्थिक मितव्ययिता सम्बन्धी विभिन्न निर्णय गरेको थियो । 'जेनजी' प्रदर्शनका क्रममा तोडफोड एवं आगजनी भएको आन्तरिक राजस्व कार्यालयको निरीक्षण गर्दै उनले सो जानकारी दिएका हुन् ।

उक्त अवसरमा मन्त्री खनाललाई सो कार्यालयका प्रमुख केशव उप्रेतीले क्षतिको विवरण हस्तान्तरण गरेका थिए । मन्त्री खनालले निरीक्षण गरिरहेका समयमा कर्मचारीहरूले सवारीसाधन राख्न बनाइएको टहराबाट सेवाग्राहीलाई सेवा प्रदान गरिरहेका थिए ।

अर्थमन्त्री खनाल एकीकृत भन्सार जाँच चौकी रानी विराटनगरमा हुने राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा सहभागी हुने मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

## भक्तपुरमा दसैंका लागि च्यांग्रा ल्याइयो

**भक्तपुर (प्रस)–** दसैंका लागि मुस्ताङ हुँदै भक्तपुरमा च्यांग्रा ल्याइएको छ । सल्लाघारीस्थित नेपाल ट्रष्टको नाममा रहेको ९९ रोपनी चौरमा ती च्यांग्रा राखिएको हो । गत वर्षको तुलनामा यस वर्ष च्यांग्रा मूल्य पनि बढेको छ ।

भक्तपुरका साथै काठमाडौं, ललितपुर, काभ्रेलगायत क्षेत्रका बासिन्दा च्यांग्रा लिन भक्तपुर आउन थालेका छन् । व्यापारीले प्रतिकिलो जिउँदो च्यांग्रा रु एक हजार ३०० सम्ममा बिक्री गरिरहेका छन् । गतवर्ष जिउँदो च्यांग्रा प्रतिकिलो रु एक हजार ५० मा बिक्री भएको थियो । रामेछापका व्यापारी हिमलाल श्रेष्ठले गतवर्ष भन्दा यसवर्ष मुस्ताङको घारमा महँगोमा किन्नु परेकाले यहाँ पनि मूल्य बढेको बताए ।

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पत्ति हो । यस सम्पत्तिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकार भित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमति विना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौ । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अनरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो, बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ति नागरीक अधिकार हो ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- सडक संरचनाहरु भुकम्प प्रतिरोधात्मक, बालमैत्री र अपाङ्गतामैत्री बनाऔं ।
- सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कार्वाही हुनेछ ।
- सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।

विजया दशमी
को मंगलमय
शुभकामना

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, कर्मचारी एवं शुभचिन्तकहरुका साथै देश तथा विदेशमा रहनुहुने समस्त दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Al Kausar Human Resource Pvt.Ltd.
(Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal
Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com
श्रम ईजाजत नं. ११४२/०६६/०६७

हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व विजयादशमी एवं शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा समस्त विदेश तथा देशवासी नेपाली दाजु-भाई दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मीपुर पतारी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- चाडपर्व प्रति सम्मान गरौं,
- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ, एक अर्काको चाडपर्व प्रति सम्मान गरौं
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।


चतुरानन्द ठाकुर
अध्यक्ष


अशोक कुमार सिहं
प्रमुख प्रशासकीय अधिकृत


अमर कला यादव
उपाध्यक्ष

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा, मधेस प्रदेश, नेपाल

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ